म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष ११, अंक ३०७ | बुधबार १ असार २०७९ | ने. सं. ११४२ तछलाथ्व | 15 Jun, 2022 | www.sajhakuranews.com | पृष्ठ संख्या ४ | मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

☞ गाउँघरका माथिल्लो भागमा कुलो बनाई पानीको उचित निकास दिऔं ।
☞ जमिन चिरा परेको देखिएमा पानी नछिर्ने गरी टालौं ।
☞ घरभित्र वा वरिपरिको जमिन चिरा परेको भए सुरक्षित स्थानमा बसौं ।
☞ नदी वा खोलामा बाढी आएमा तल्लो भागमा बस्ने जनसमुदायलाई सूचना दिऔं ।
☞ भूकम्पले चिरा पारेको छ भने त्यस्तो स्थानलाई टालौं र सजगता अपनाऔं ।
☞ भौगोलिक अवस्था विचार गरेर मात्र बाटो, कुलोवा नहर जस्ता संरचना बनाऔं । भु-क्षयबाट बचौ र बचाऔं ।

## बागमती प्रदेशको बजेट आज आउँदै

साझाकुरा संवाददाता

हेटौंडा, ३१ जेठ/ बागमती प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०७९/०८० को बजेट आज बुधबार ल्याउदैछ ।

असार १ गते प्रदेश सरकारले बजेट ल्याउनुपर्ने संवैधानिक प्रावधानअनुसार प्रदेश सरकारले बुधबार बजेट ल्याउन लागेको हो । आज अपरान्ह ४ बजे बस्ने प्रदेशसभा बैठकमा प्रदेश सरकारको आर्थिक मामिला तथा योजनामन्त्री शालिकराम जम्कट्टेलले बजेट प्रस्तुत गर्नेछन् ।

चालू आवमा ५७ अर्ब ७२ करोड ९ लाख २७ हजार रुपैयाँको बजेट ल्याएको बागमती प्रदेश सरकारले आगामी आर्थिक वर्षमा बजेटको आकार १० अर्ब रुपैयाँसम्म बढाएर ल्याउने तयारी गरेको बुझिएको छ । प्रदेशमा साढे ३ वर्ष एमाले नेतृत्वको सरकार बहिर्गमनसँगै हाल गठबन्धन सरकार छ । नेकपा (एकीकृत समाजवादी) नेतृत्वको सरकारले आगामी आवका लागि ल्याउने बजेटप्रति सबैको चासो छ । तत्कालीन एमाले सरकारले ल्याएको बजेट खर्च निराशाजनक छ ।

चालू आवको १० महिनामा बागमती सरकारले ३५ प्रतिशतमात्रै खर्च गर्न सकेको हो । ११ कात्तिकमा मुख्यमन्त्री सम्हालेका पाण्डेले ७ महिना लामो कार्यकालमा पनि बजेट खर्च गर्न सकेका छैनन् । उनले प्रदेशसभामा जवाफ दिने क्रममा कर्मचारी अभावलगायतका समस्या देखाएर बजेट खर्च गर्न नसकिएको बताएका थिए ।

बागमतीको बितेका सबै आवमा बजेट खर्च निराशाजनक छ । चालू आवमा पनि एमाले सरकारले गत आव ०७७/०७८ मा भन्दा ६ अर्ब बढाएर बजेट ल्याएको थियो । कुल विनियोजित बजेटमध्ये चालुतर्फ २६ अर्ब १ करोड ६६ लाख २३ हजार अर्थात् ४५ प्रतिशत र पूँजीगततर्फ २९ अर्ब ७० करोड ४३ लाख ४ हजार ५१ प्रतिशत बजेट ल्याइएको थियो । गठबन्धन सरकारमा मन्त्रालय संख्या दोब्बर भएकाले पनि बजेटको आकार बढ्ने सम्भावना बढेको हो ।




चालू आवको बजेट ल्याउँदा ७ वटा मन्त्रालय रहेको बागमतीमा हाल १४ वटा मन्त्रालय छ । बागमती सरकारले आगामी आवका लागि नीति तथा कार्यक्रम ल्याइसकेको छ । १९ जेठमा बसेको प्रदेशसभा बैठकले नीति तथा कार्यक्रम बहुमतले पारित गरेको हो ।

नीति तथा कार्यक्रममाथि दुई दिन सांसद्हरुले आ-आफ्नो धारणा राखेका थिए । प्रदेशसभाको प्रतिपक्षी दल नेकपा एमाले, विवेकशिल साझा र नेपाल मजदुर किसान पार्टीका ९ जना सांसद्ले सरकारको नीति तथा कार्यक्रम संशोधन गर्नुपर्ने माग गरेका थिए । नीति तथा कार्यक्रमको १५ वटा बुँदामा संशोधन प्रस्ताव दर्ता भएपनि उक्त प्रस्ताव सदनबाट बहुमतले अस्वीकृत भएको थियो । यसकारण नीति तथा कार्यक्रमअनुसार नै बजेट ल्याउने तयारी सरकारको छ ।

नीति तथा कार्यक्रममा एकसय ६६ वटा बुँदामा विभिन्न कार्यक्रमहरु समावेश गरिएको छ । मुख्यमन्त्री पाण्डेले समाजवादी कार्यक्रम वडा तहबाटै सुरु गर्ने गरी बजेट ल्याउने तयारी भइरहेको बताए । प्रदेश सरकारले कृषि, शिक्षा र स्वास्थ्य क्षेत्रलाई प्राथमिकता दिएर बजेट ल्याउने तयारी गरेको छ ।

प्रदेशभित्रका माध्यमिक तहका विद्यालयहरुमा एक विद्यालय, एक नर्स कार्यक्रमलाई निरन्तरता दिने पनि जनाएको छ । प्रदेशमा रहेको सीमान्तकृत चेपाङ समुदायको आर्थिक सामाजिक रुपान्तरणका लागि मकवानपुर, धादिङ र चितवनको चेपाङ जाति बसोबास क्षेत्रलाई चेपाङ विशेष संरक्षित क्षेत्र बनाउने, प्रदेश खेलकुद विकास र बिस्तारका लागि प्रदेश खेलकुद परिषद् र स्थानीय तहसँगको सहकार्य र साझेदारीमा प्रदेशस्तरीय रंगशाला, खेल पूर्वाधारहरूको निर्माण र संरक्षण गर्ने, प्रदेशस्तरीय खेलकुद प्रतियोगिता आयोजना गर्ने, एक स्थानीय तह एक खेल मैदान बनाउने र यौनजन्य दुर्व्यवहार, बाल-विवाह, मानव बेचविखन र विद्युतीय अपराध बिरुद्ध सचेतना जगाउन 'हाम्रो ध्यान, युवा सचेतना अभियान' सञ्चालन गर्ने नीति लिने भएको छ ।

सरकारले प्रदेशभित्रका बाल विकास केन्द्रलाई स्थानीय तहसँगको सहकार्यमा नमूना केन्द्रको रुपमा स्तरोन्नति गर्ने, दलित, अपाङ, सीमान्तकृत एवम् विपन्न विद्यार्थीलाई विद्यालय शिक्षामा पहुँच बृद्धि गर्ने, विद्यालयको भौतिक सुधार गरी आधुनिक पाठ्य सामग्री तयार पारी प्रत्येक जिल्लाको कम्तिमा एक विद्यालयमा नमूना बाल बिकास केन्द्र सञ्चालन गरिने जनाइएको छ ।

विद्यालयहरुको भौतिक विकास गर्नुका साथै नमूना विद्यालयमा विकास गुरुयोजना कार्यान्वयन गरिने नीति तथा कार्यक्रममा उल्लेख छ । त्यस्तै, उच्च शिक्षा पढ्नका लागि छोरी-बुहारीलाई छात्रवृत्ति कार्यक्रमलाई निरन्तरता दिने भएको छ भने प्रदेशस्तरीय खेलकुद प्रतियोगिता आयोजना गर्ने र रंगशाला निर्माण गर्ने योजना अघि बढाएको कार्यक्रममा उल्लेख छ ।

पशु बिमालाई प्रभावकारी बनाउने र संघ तथा स्थानीय तहको समन्वयमा एक वडा, एक पशु सेवा कार्यालयको स्थापना गरिने नीति तथा कार्यक्रममा उल्लेख छ ।

## प्रदेश सभामा ५ वटा वार्षिक प्रतिवेदन पेश

साझाकुरा संवाददाता

हेटौंडा, ३१ जेठ/ बागमती प्रदेशको प्रदेश सभा बैठकमा ५ वटा वार्षिक प्रतिवेदन पेश भएको छ ।

मंगलबार बसेको प्रदेशसभा बैठकमा ५ वटा प्रतिवेदन पेश गरिएको हो । बैठकमा मुख्यमन्त्री राजेन्द्रप्रसाद पाण्डेले प्रदेश लोकसेवा आयोगको दोस्रो वार्षिक प्रतिवेदन पेश गरे ।

यस्तै, आर्थिक मामिला तथा योजना मन्त्री शालिकराम जमकट्टेल बागमती प्रदेश आर्थिक सर्वेक्षण २०७८/७९ सभा पेश गरेका थिए ।

प्रदेश मामिला समितिका सभापति माधवप्रसाद पौडेल, अर्थ तथा विकास समितिका सभापति नारायणबहादुर सिलवाल, शिक्षा स्वास्थ्य तथा कृषि समितिका सभापति केशवप्रसाद पोखरेल, उद्योग, पर्यटन तथा वातावरण समितिका सभापति रमा आलेले वार्षिक प्रतिवेदन सभामा पेश गरेका छन् ।

बुधबार दिउँसो ४ बजे बैठकमा प्रदेश सरकारको आगामी आर्थिक वर्षको बजेट आउँदैछ ।

## डिल्लीपुरमा आवाश अधिकारबारे अन्तरक्रिया

साझाकुरा संवाददाता

हेटौंडा, ३१ जेठ/ मकवानपुरको मनहरी गाउँपालिका-५ डिल्लीपुरमा नागरिकको आवाशको अधिकारसम्बन्धी अन्तरक्रिया गरिएको छ ।

ईन्सेकको मानवअधिकार समूहको आयोजनामा नागरिकको आवाशको अधिकारसम्बन्धी अन्तरक्रिया गरिएको हो । कार्यक्रममा वडाध्यक्ष दीपेन्द्र अधिकारीले स्थानीय सरकारले आवाशको अधिकार सुनिश्चित गर्ने विभिन्न कार्यक्रम संचालन गरिरहेको जानकारी दिए । खरको छानो भएको २२ घरधुरीलाई खरको छानोमुक्त गर्ने काम गरिएको र ७१ घरधुरीलाई गरिब परिवारको सूचीमा सूचिकृत गरिएको वडाध्यक्ष अधिकारीले जानकारी दिए ।

शिक्षा र स्वास्थ्यको अधिकारका बारेमा पनि वडाले काम गरिरहेको उनले बताए । मानवअधिकार समूहकी संयोजक बिमला गोपालीको सभाध्यक्षतामा भएको कार्यक्रममा मनहरी-५ का वडा सदस्यहरु बुद्धिबहादुर स्याङ्तान, संजीता परियार, सरला थापाले नागरिकले शिक्षा, स्वास्थ्य, आवाशको अधिकार सुनिश्चित भएको महशुस गर्ने गरी काम गरिने जानकारी दिएका छन् ।

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री शशी श्रेष्ठले आगामी आर्थिक वर्षमा ५ लाख परिवारलाई लालपूर्जा वितरण गर्ने तयारी भएको बताइरहेको समयमा मनहरीमा पनि केही समयभित्र लालपूर्जा बितरण गरिने बताइएको छ । हाल नेपालमा करिब १४ लाख भूमिहीन सुकुम्बासी, भूमिहीन दलित र अव्यवस्थित बसोवासी रहेका छन् ।

सुकुम्बासी आयोगमार्फत् आगामी वर्ष ३०० स्थानीय तहका ५ लाख परिवारलाई जग्गाधनी पूर्जा वितरण गर्ने तयारी सरकारले गरिरहेको बताइएको छ । कार्यक्रममा भोजसिद्ध मावि व्यवस्थापन समिति अध्यक्ष गजाधर सुवेदी, प्रधानाध्यापक महेश रिजाल, पशुपतिनाथ मावि व्यवस्थापन समिति अध्यक्ष माधब गौतम, प्रधानाध्यापक भानुभक्त आचार्य, मनहरी-५ वडासचिव शान्तिमाया हिमडुङ, स्वास्थ्य ईन्चार्ज रेखा मगर लगायतले बोलेका थिए ।

## प्रतिष्ठानको शिक्षाध्यक्ष नियुक्तिमा कारण देखाउ आदेश

साझाकुरा संवाददाता

हेटौंडा, ३१ जेठ/ मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानको शिक्षाध्यक्षमा डाक्टर सतिसकुमार देवको नियुक्तिलाई लिएर अदालतले विपक्षीको नाममा कारण देखाउ आदेश जारी गरेको छ ।

उच्च अदालत पाटन हेटौंडा इजलाशले प्रदेश सरकारको नाममा कारण देखाउ आदेश दिएको हो । प्रतिष्ठानको शिक्षाध्यक्षमा डा. देवको नियुक्ति कानुन विपरित भएको भन्दै उच्च अदालत पाटन इजलाशमा रिट परेको थियो । उक्त रिटमाथिको सुनुवाईका क्रममा उच्च अदालत पाटन हेटौंडा इजलाशका न्यायाधीश निर्मला शाक्यको इजलाशले विपक्षीहरुका नाममा कारण देखाउ आदेश जारी गरेको हो । देवमाथि भ्रष्टाचार अभियोगमा मुद्दा चलेको र मुद्दाको किनारा नलागेसम्म स्वत: निलम्बनमा परेको मानिने कानुनी व्यवस्थाअनुरुप उनीविरुद्ध अदालतमा रिट परेको थियो ।

राष्ट्रीय युवा संघका उपाध्यक्ष अनिल काफ्लेले अदालतमा



रिट निवेदन हालेका थिए । काफ्लेले निवेदनमा देवलाई कानुन विपरित नियुक्ति गरिएको भन्दै उनको नियुक्ति उत्प्रेषणको आदेशद्वारा बदर गर्न माग गरिएको थियो ।

न्यायाधीश शाक्यको इजलाशले निवेदकको मागबमोजिम आदेश किन जारी हुनु नपर्ने हो ? कुनै आधार प्रमाण वा कागजात भए बाटोको म्याद बाहेक १५ दिनभित्र लिखित जवाफ पेश गर्न आदेश जारी गरेको हो । मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय बागमती प्रदेश, सामाजिक विकास मन्त्रालय, स्वास्थ्य मन्त्रालयसहितका अन्य विपक्षीहरुलाई मुख्य न्यायाधिवक्तामार्फत् लिखित जवाफ पेश गर्न आदेश गरिएको छ ।

डा. देव चिकित्सा अध्ययन संस्थानको सहप्राध्यापक हुँदा गलत प्रतिवेदन पेश गरी भ्रष्टाचार गरेको अभियोगमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले विशेष अदालतमा मुद्दा दायर गरेको थियो । अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०५९ को दोस्रो संसोधनको दफा १७ ले भ्रष्टाचार अभियोगमा थुनामा परेका व्यक्ति वा मुद्दा चलेका व्यक्ति मुद्दाको किनारा नलागेसम्म स्वत: निलम्बनमा परेको मानिने र त्यस्तो व्यक्तिलाई सरकारले अन्य सार्वजनिक स्थानमा नियुक्ति गर्न नपाईने कानुनी व्यवस्था विपरीत उनको नियुक्ति गरिएको दाबी गरिएको छ ।

विशेष अदालतले उनलाई सफाई दिएपनि सर्वोच्च अदालतले विशेष अदालतको फैसला प्रमाण मुल्यांकनको रोहमा फरक पर्ने सक्ने भन्दै प्रत्यर्थी झिकाउने आदेश दिएको थियो ।

यसकारण डा. देवको मुद्दा किनारा नलागिसकेको भन्दै निवेदकले नियुक्ति उत्प्रेषणको आदेशद्वारा बदर गर्न माग गरेका थिए । डा. देवलाई आफैं वा आफ्ना कानुन व्यवसायीमार्फत् लिखित जवाफ पेश गर्न आदेशमा भनिएको छ ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

सेवाहरु:



☞ कार वास भित्र/बाहिर
☞ वाइरिङ मर्मत
☞ A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞ डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞ इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

हेटौंडालाई Green City बनाउने उद्देश्यसहित
सुन्दर नगरी हेटौंडामा बिक्री
शुभारम्भ

YADEA
e-SCOOTERS






Offer
रू.१०,०००।-
नगद छुट

YADEA e-SCOOTER का विशेषताहरु:
☞ Full Charge गर्न ४-५ घण्टा लाग्ने ।
☞ Full Charge ले १०० किमी कुद्ने ।
☞ २००० वाट क्षमता भएकोले एकपटक Full Charge गर्दा १.५ युनिट विद्युत् खपत ।
☞ ट्यूबलेस टायर ☞ ब्याट्रिमा एक वर्ष वारेन्टी

बर्षा ई-अटोमोबाइल्स
हेटौंडा-२, चौकीटोल (भाटभटेनी नजिकै)
प्रो. सबी भण्डारी ९८५५०६७४६०

साझाकुरा

## हाम्रो कुरा

# प्रकोपको पूर्वतयारी आवश्यक

यसवर्ष मनसुन सुरु भइसकेको छ । नेपालमा जुन १० तारिखदेखि मनसुन सुरु हुने गर्दछ । बंगालको खाडीबाट उठ्ने मनसुनी वायुले नेपालमा गृष्मकालीन वर्षा गराउँदछ । गृष्मकालीन मनसुन नेपालको पूर्वी क्षेत्रबाट पश्चिमतिर सर्दै जाँदा पर्याप्त वर्षा हुने गर्दछ । वर्षायाम सुरु भइसकेको र मनसुन सक्रिय भएको हुँदा दिनदिनै पानी पर्ने क्रम बढिरहेको छ । वर्षेनि असार-साउन महिनालाई नेपालमा मध्य मनसुन वा वर्षात् मानिन्छ । नेपाल पहाडी मुलुक भएको हुँदा यहाँ वर्षासँगै विपद् सुरु हुन्छ । वर्षासँगै मुलुकभर बाढी, पहिरो तथा डुबानको प्रकोप सृजना हुने गर्दछ । यसले जनमानसमा ठूलो विपद् ल्याउँदै जनधनको क्षति गराउँदछ । वर्षेनि देशको कुनै न कुनै भागमा बाढी, पहिरोले ठूलो हानि नोक्सानी पुऱ्याउने गरेको विगतका वर्षहरुका घटनाले पुष्टि गर्दछ । वर्षासँगै आउने विपद् र यसबाट बच्ने उपाय समयमै प्रभावकारीरुपमा अपनाउन नसक्दा हुने जनधनको व्यापक क्षतिलाई टार्न सकिएको पाइँदैन ।

मनसुनसँगै आउने वर्षाले किसानहरुमा उत्साह सिर्जना गर्छ भने गर्मीले आक्रान्त भएकालाई शितलता पनि प्रदान गर्दछ । चर्को गर्मीको बेला पर्ने पानीले राहत दिने भए पनि ठूलो पानी पर्दा आउने बाढी, पहिरो र डुबानका कारण व्यापक क्षति पनि पुऱ्याइरहेको हुन्छ । नेपालमा हरेक वर्षको वर्षात्मा बाढी पहिरोले गर्दा ठूलो जनधनको क्षति हुन्छ, जसले राहतभन्दा बढि आहत दिने गर्दछ । तराईका जिल्लामा बाढी र डुबानको जोखिम हुन्छ भने पहाडी जिल्लामा पहिरोको खतरा बढि हुन्छ । भूकम्प, जथाभावी जमिन उत्खनन, अव्यवस्थित विकास निर्माणका कार्यले पहाडी क्षेत्रको जमिनको संरचना कमजोर बन्दै गएको छ । मनसुनको समयमा वर्षा कम भएमा बाढी पहिरोको प्रकोप कम हुने गरेको भए पनि लगातारको वर्षा हुँदा त्यसले निम्त्याउने प्रकोपबाट कुनै न कुनै भूभागमा क्षति हुने गरेको छ । भू-बनोटको हिसाबले नेपाल मौसमी क्षेत्र हो । त्यसमा अझ पछिल्लो समयमा देखिएको जलवायु परिवर्तनका कारण वर्षात् अनपेक्षित हुने क्रम बढ्दै गएको छ । अतिबृष्टि र अनाबृष्टिको खतरा उत्तिकै बढिरहेको छ । यो अवस्थामा वर्षाबाट हुने जनधनको क्षति न्यूनीकरणका लागि जतिसक्यो धेरै सचेतना र विपत् व्यवस्थापनमा ध्यान दिनु आवश्यक हुन्छ ।

नेपाल दक्षिणपूर्वी एसियाका देशमध्ये प्राकृतिक प्रकोपको हिसाबले ज्यादै जोखिममा रहेको देश मानिन्छ । प्राकृतिक प्रकोपको हिसाबले नेपाल बढि नै मानवीय तथा प्राकृतिक क्षति हुने देशको सूचीमा परेको छ । अधिकांश प्राकृतिक प्रकोप मानिसको नियन्त्रणभन्दा बाहिर भए पनि त्यसबाट हुने जोखिमको मात्रा भने मानवीय सचेतनामा भर पर्छ । सम्भावित प्रकोपबाट बढि खतराका क्षेत्रहरुको पहिचान र प्रकोपको पूर्व जानकारीबारे आम मानिसमा चेतना जागृत गराई सतर्क हुन सकेमा प्रकोपबाट हुने धनजनको क्षति कम गर्न सकिन्छ । यसका लागि संघ, प्रदेश तथा स्थानीय सरकारले प्रकोप व्यवस्थापनका लागि प्रभावकारी पूर्वतयारी गर्दै प्रकोपपछिको राहत, उद्दार र पुनर्निर्माणका लागि ठोस कार्ययोजना बनाउनु आवश्यक छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

| मकवानपुर प्रहरी | | एम्बुलेन्स सेवा | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल: | १०० | नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| जिल्ला ट्राफिक: | ५२०५९९ | हेटौंडा अस्पताल: | ५२०३०५ |
| वडा प्रहरी: | ५२०२९९ | परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| पशुपतिनगर इलाका: | ५२०५९८ | मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| पालुङ इलाका: | ६२०४६७ | छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| मनहरी इलाका: | ९८५५०९०१६१ | भीमफेदी रेडक्रस: | ६२०६९९ |
| इलाका फापरबारी: | ६२१९८० | पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| इलाका भीमफेदी: | ६९१४६२ | बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ | सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ | बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| चित्लाङ चौकी: | ६९२००० | बारुण यन्त्र: | १०१ |
| चौघडा चौकी | ९८४४०५४६०४ | बाल हेल्पलाइन नेपाल: | १०९८ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ | माइती नेपाल: | ५२१०५० |
| फाखेल चौकी: | ९८४५०३१३९८ | अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ | | |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०७९ असार २ गते बिहीबार १६ जुन २०२२ । जेष्ट शुक्लपक्ष्य द्वितीय । तछलाथ्व द्वितीय ११४२ । सुर्योदय: ५:१०, सुर्यास्त: ६:५९ मा हुनेछ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : बिग्रिएको सम्बन्ध सुधार्ने मौका छ | तुला | : शत्रु र रोगबाट छुटकारा मिल्नेछ |
| वृष | : महत्वाकांक्षी योजना फलीभूत हुनेछ | वृश्चिक | : मुद्दा-मामिलामा विजयी भइनेछ |
| मिथुन | : काममा परिवारको सहयोग मिल्नेछ | धनु | : अरुको मन लोभ्याउन सकिनेछ |
| कर्कट | : व्यवसायमा सामान्य फाइदा हुनेछ | मकर | : लगनशीलताले उपलब्धि दिलाउनेछ |
| सिंह | : अधिकार सुरक्षा गर्न जुट्नुपर्नेछ | कुम्भ | : सेवामूलक कामबाट धनलाभ हुनेछ |
| कन्या | : मौकाको फाइदा लिन सकिनेछ | मीन | : सहयोगीका माध्यमबाट काम बन्नेछ |

# सार्वजनिक बिदामा बेथिति !



✍ विरोध अधिकारी

जेठदेखि हप्तामा २ दिन बिदा दिएको नेपाल सरकार आफ्नो निर्णयमा एक महिना पनि टिक्न सकेन । यही असारबाट पुन: आइतबारको बिदा काटिएको छ । नेपालमा सार्वजनिक बिदाको कुरा गर्नु भन्दा पहिला विश्वमा साप्ताहिक बिदा कसरी जन्मियो, यसबारे जानकारी पस्किँदै यो लेखको सुरुवात गरियो । आजभन्दा करिब ४ हजार वर्ष पहिलेको बेबिलोन सभ्यतामा मानिसहरु सौर्यमण्डलमा सात मात्र ग्रह रहेको विश्वास गर्दथे । सोही अनुसार ७ दिनको एक हप्ता एकाइ गणना गरेको अनुमान गरिन्छ । तथापि ईसापूर्व २५० देखिमात्र पश्चिमा क्यालेन्डरमा सात दिनको एक हप्ता कायम गरियो । जिउसहरुका अनुसार ईस ३० वा ३३ मा जिसस क्राइस्टलाई शुक्रबारदेखि तीन दिनसम्म क्रसमा झुण्ड्याइएको थियो ।

सोहीअनुसार शुक्रबार, शनिबार र आइतबार उनीहरुको लागि महत्वपूर्ण दिन भयो । क्रिश्चियनहरु प्राय: आइतबार चर्च जाने हुनाले पश्चिमा समाजमा आइतबार बिदा दिने प्रचलन सुरु भयो । आइतबार बिदाको दिन चर्च जाने, साथीभाईहरुसँग रमाईलो गर्ने गर्दा अधिकांश कामदार सोमबार कार्यस्थल नजाने समस्या बन्यो । त्यसको समाधानस्वरुप सोमबार समयमा नै काम गर्न आउने प्रतिबद्धता लिएर शनिबार आधा दिन बिदा दिन सुरु गरिएको इतिहास छ ।

सन् १९०८ मा न्यू इंग्ल्याण्ड मिलले हप्ताको दुई दिन शनिबार र आइतबार बिदा दिने प्रचलनको सुरुवात गर्यो । १९३ संयुक्त राष्ट्र संघको सदस्य राष्ट्रहरुमा १० ओटा राष्ट्रबाहेक अन्यमा हप्तामा २ दिन बिदा दिने चलन रहेको छ । यसमध्ये ७ राष्ट्रले आइतबार र ३ राष्ट्रले शुक्रबार बिदा दिन्छन् भने बाँकी राष्ट्रहरुले हप्ताको दुई दिन शनिवार र आइतवार बिदा दिँदै आएका छन् । सार्क राष्ट्रहरुमा नेपालमा मात्र यही जेठ १ गतेबाट हप्ताको २ दिन बिदा दिन सुरु गरेको थियो ।

एक महिना पनि बित्न नपाउँदै नेपाल सरकार उक्त निर्णयबाट पछि हटेको छ । नेपालमा सार्वजनिक बिदालाई लिएर छलफल, चर्चा परिचर्चा हुँदै आएको वर्षौं भएको छ । विशेष गरी नेपालमा सप्ताहन्तको बिदाभन्दा पनि अन्य पर्व, दिवस, जयन्ती जस्ता सार्वजनिक बिदामा अत्यन्तै ठूलो विकृति रहेको छ । गणतन्त्र आएपछि र देशमा तीन तहको सरकार आएपछि यो समस्या झनै विकराल हुँदै गएको छ । आफ्नो काम, कर्तब्य र अधिकारको सामान्य जानकारी नभएका जनप्रतिनिधिहरुबाट बिदासम्बन्धी आफ्नो अधिकारको चरम दुरुपयोग भएको छ । जस्तो कि स्थानीय निकायका प्रमुखहरुबाट आफ्नो छोराको विवाहदेखि आफ्नो जन्मदिनमा समेत पालिकाभर सार्वजनिक बिदा दिएर लोक हँसाइएको छ । हुँदा हुँदा भर्खरै चयन भएका प्रमुखले आफ्नो जितको खुसियालीमा समेत सार्वजनिक बिदा दिएर अराजकताको पराकाष्ठा नाघेका छन् । सार्वजनिक बिदाको महत्व नबुझ्नेमा स्थानीय सरकार मात्र नभई प्रदेश सरकार र संघीय सरकार पनि रहेका छन् । कुनै विशेष जाति,धर्म सम्प्रदायलाई रिझाएर भोट बैंक बनाउन सानो जनसंख्याको जातिको लागि आज बेलुका घोषणा गरेर भोलि बिदा दिने चलन चलेको छ । यो चरम विकृति हो ।

हरेक नागरिकलाई लागि आफ्नो समयको महत्व हुन्छ । सरकारी क्यालेन्डर अनुसार चल्न जनताले विश्वको हर कुनाबाट आफ्नो समय व्यवस्थापन गरिरहेका हुन्छन् । यस्तो अवस्थामा कुनै सरकारी सेवा लिन आफ्नो समय छुट्याएको काम अकस्मात घोषणा हुने सार्वजनिक बिदाले कति जनताले कष्ट भोगे होलान्, त्यसको लेखाजोखा सरकारसँग हुनुपर्ने होइन र ? हाल पेट्रोलियम पदार्थको उच्च मूल्यको कारण खपत घटाउन सरकारले परीक्षणका लागि शनिबार र आइतबार दुई दिनको बिदा सुरु गरेको थियो । पेट्रोलियम पदार्थको मूल्य नघटेको अवस्थामा किन बिदा फिर्ता लिइयो, बुझ्न नसक्नु छ ।

नेपालमा बिदासम्बन्धी लामो इतिहास पाइँदैन । तथापि, साप्ताहिक रुपमा शनिवार बिदा दिने प्रचलन राणा प्रधानमन्त्री भीम शमशेर राणाको पालाबाट सुरु भएको हो । हिन्दु परम्पराअनुसार शनि देवताको दिन शनिबार शुभ कार्य गर्न नहुने भएकाले शनिवार बिदा दिएको अनुमान गर्न सकिन्छ । आधुनिक युगको आगमन भइसक्दा पनि नेपालमा भने शुक्रबार आधा र शनिबार पुरा दिन बिदा दिँदै आइएको छ । दुई दिन बिदा सुरु भएपछि नेपालमा यसको पक्ष र विपक्षमा बहस चर्किएको थियो ।

एक पक्षले सकारात्मक रुपमा लिई यस बिदाबाट पर्न गएको अव्यवहारिकतालाई समाधान गर्दै दुई दिने बिदालाई निरन्तरता दिन भनेको थियो । अर्को पक्षले स्वास्थ, शिक्षालगायत सेवा क्षेत्रमा यसले नकारात्मक प्रभाव पारेको भन्दै यसलाई तत्काल खारेज गर्नुपर्ने आवाज उठाएको थियो । के साँच्चै नेपालमा दुई दिने बिदा व्यवहारिक छैन त ? यो विषयमा केही चर्चा गरौं । नेपाली समाजको ठूलो समुदाय बिदालाई कर्मचारीहरुको सुविधाको रुपमा मात्र लिन्छन् । यसमा हाल आएर सामन्य जनतालाई ठूला भनिएका मिडिया र निजी क्षेत्रले झनै भ्रमित गरेका छन् । यो सार्वजनिक बिदाले गर्दा आफ्नो खर्च बढ्ने आँकलन गरी निजी क्षेत्र यसको विरोधमा लागे । आज अर्थतन्त्रको कुल आकारमा भौतिक उत्पादनको भन्दा सेवाजन्य उद्योगको हिस्सा बढ्दै गइरहेको छ । हामी भने त्यही कार्य घण्टालाई मात्र केन्द्रमा राखेर कुरा गरिरहेका छौं । दुई दिने बिदाले कर्मचारीको कार्यक्षमता बढ्ने र त्यसले उत्पादकत्वमा पार्ने प्रभावलाई नजर अन्दाज गरिरहेका छैनौं ।

आइतबार बिदा दिँदा शुक्रबार र सोमबार काम नहुने, कर्मचारी समयमा कार्यालयमा नभेटिने तथा शुक्रबार नभ्याइएको काम गर्न थप दुई दिन पर्खिन पर्ने जस्ता कुरा लिएर यो दुई दिने बिदा खारेजीको माग गर्नेहरुको महिना दिनमै जित भएको छ । हामी वर्षौंदेखि शुक्रबार आधा दिन र शनिबार पुरा दिन बिदा दिने परम्पराबाट आएका छौं । हरेक ब्यक्तिलाइ परिवर्तनको चाहना हुँदैन । तसर्थ सेवाग्राहीलाई पनि परिवर्तन हुन असहज भयो ।

केही कर्मचारीहरुलाई पनि परिवर्तित समयमा सामन्जस्यता हुन केही समय लाग्थ्यो । यो भन्दैमा दुई दिने बिदा ठीक होइन भन्ने होइन । विश्वमा कैयौं देशहरु हप्ताको तीन दिन सार्वजनिक बिदा दिने निर्णयमा पुगिसकेका छन् । हामी भने त्यही शुक्रबारको आधा दिने बिदामा अडिएर बसिरहेका छौं । विशेष गरी शिक्षा र स्वास्थ्य क्षेत्रमा दुई दिने बिदा अब्यवहारिक देखिएको भए त्यसको समाधान खोज्ने हो । तर लिइसकेको सही निर्णयबाट पछाडि हट्ने काम किमार्थ ठिक होइन ।

अमेरिकी वैज्ञानिक डेबिड स्टेफेनले गरेको अनुसन्धानअनुसार ४० घण्टा ५ दिन कार्य गर्ने भन्दा ४ दिनमा ४० घण्टा काम गर्दा कर्मचारीहरुको उत्पादकत्व बढ्छ । साथै उनीहरुमा स्वास्थ्य समस्या कम आएको निष्कर्ष निकालेका छन् । यसको अर्थ कार्य दिन कम भएर कार्य घण्टा बढाउँदा त्यसले कर्मचारीलाई उत्प्रेरित गर्नुको साथै उत्पादकत्व बढाउँछ । उनीहरुको पारिवारिक जीवन सहज बनाइदिन्छ । उनीहरुको सामाजिक पुँजी निर्माणमा महत्वपूर्ण भूमिका निर्वाह हुन्छ । नेपालजस्तो सामूहिक पारिवारिक ढाँचा भएको समाजमा झनै दुई दिने बिदाको महत्व हुन्छ ।

साना बालबालिकाहरु हप्ताको दुई दिन भएपनि आफ्ना अभिभावकसँग बस्न पाउँछन्, समय बिताउन पाउँछन् । यसमा बालअधिकारको पनि कुरा आउँछ । कतिपयको भनाइमा २०५४ सालमा नै उपत्यकामा परीक्षण गर्दा असफल भइसकेको हुनाले यसलाई खारेज गर्नुपर्ने विचार देखियो । तर यो २५ वर्षको अन्तरालमा नेपालको कर्मचारी तन्त्रमा आमुल परिवर्तन भइसकेको छ । धेरै कामहरु ढड्ठाबाट कम्प्युटरमा परिवर्तन भइसकेको छ । अधिकांश कार्यलयमा विद्युतीय हाजिरी हुन्छ । यस्तो अवस्थामा २०५४ सालको परीक्षण असफल भयो भन्दैमा आज पनि असफल कसरी हुन्थ्यो ? नेपाली सरकारी कर्मचारीहरुको कार्यघण्टा भनेको हप्ताको ४० घण्टा हो । हिजो छ दिन काम गर्दा पनि ४० घण्टा थियो । आज ५ दिनमा पनि ४० घण्टा नै छ । यसबाट सरकारको दैनिक प्रशासनिक खर्च जोगिनुका साथै कर्मचारीहरुको कार्यक्षमता समेत बढ्थ्यो । राष्ट्रिय योजना आयोग र अन्तराष्ट्रिय श्रम संगठनले सन् २०१८/१९ मा गरेको अनुसन्धानअनुसार नेपालमा कामदारहरुको औसत कार्य घण्टा ४४ रहेको छ ।

यो भनेको अन्तराष्ट्रिय श्रम संगठनले तोकेको भन्दा ४ घण्टा बढी हो । दुई दिने बिदाले पनि औसत कार्य घण्टा ४४ घण्टा भन्दा कम हुँदैन । सबैभन्दा बढी काम गर्ने यातायातको क्षेत्रको ५५ औसत कार्य घण्टा रहेको छ भने शिक्षातर्फ न्यूनतम ४० घण्टा रहेको छ । यी दुबै क्षेत्रमा कुनै परिवर्तन हुँदैन ।

नेपालमा सार्वजनिक बिदाको समस्या दुई दिने बिदा होइन, ब्यक्तिगत तजबिजमा अकस्मात घोषणा गरिने सार्वजनिक बिदा हो । हप्तामा दुई दिने बिदा दिएपछि गर्नुपर्ने भनेको अन्य सार्वजनिक बिदाको वैज्ञानिक ब्यवस्थापन हो । सिमान्तकृत समुदाय तथा कम जनसंख्याको धर्म संस्कृतिको बिदामा देशैभर सार्वजनिक बिदा दिन आवश्यक छैन । समुदाय विशेषलाई बिदा दिए हुन्छ । यसको अतिरिक्त स्थानीय सरकार र प्रदेश सरकारलाई समेत सार्वजनिक बिदाको अधिकारमा कडाई गर्न आवश्यक छ । विशेष कारण बाहेकका आकस्मिक बिदा शून्यमा झार्न आवश्यक छ । यदि कुनै समुदायको चाडपर्व मा बिदा दिनैपर्ने भए पनि अर्को वर्षको वार्षिक क्यालेन्डरमा हाल्ने हो, सोही बर्ष आज घोषणा गरेर भोलि बिदा दिने होइन ।

हप्ताको दुई दिन बिदाले कर्मचारीहरुमा मात्र नभई रोजगारदातालाई समेत फाईदा पुग्नेछ । यसको साथै आन्तरिक पर्यटनको कारणले समग्र अर्थतन्त्रलाई चलायमान बनाउने छ । कोभिडको कारण शिथिल रहेको पर्यटन क्षेत्रको विकासमा टेवा पुग्ने छ । यसको साथै कर्मचारीहरुलाई कार्यप्रति उत्प्रेरित गर्नेछ ।

उनीहरुको प्रति कामदार उत्पादकत्व बढ्ने छ । तसर्थ नेपाल सरकारले दुई दिने बिदा लाई निरन्तरता दिदै एक उच्च स्तरीय आयोग गठन गरि सोही आयोगको सुझावको आधारमा पर्व, जयन्ती, दिवस तथा अन्य अवसरमा दिइने सार्वजनिक बिदा पुनरावलोकन गरोस् । यसले कर्मचारी, सरकार, रोजगारदाता, अर्थतन्त्र साथै नेपाली समाजलाई समेत दीर्घकालीन फाईदा पुग्ने छ ।

अकस्मात सार्वजनिक बिदा दिने, एक महिना पनि आफ्नो निर्णयमा अडिग रहन नसक्ने सार्वजनिक बिदाको बेथिति अन्त गरौं । विश्व समुदायसँग समानताको लागि, कर्मचारीको उत्प्रेरणा तथा साना बालबालिकाको अभिभावकसँग केही दिन भएपनि बिताउने अधिकारको लागि पनि हप्ताको दुई दिने बिदाको लागि दबाब सिर्जना गरौं ।

-साभार: रातोपाटी

# व्यापार घाटाको चिन्ता र चुनौतीको विश्लेषण



✍ डा.सुमनकुमार रेग्मी

स्वदेशी वस्तुका लागि चाहिने कच्चा पदार्थको देशमा अभाव हुनु, बढी मूल्य अभिवृद्धि हुने वस्तुको विदेशमा खोज नहुनु, वस्तु गुणस्तर तथा प्रमाणीकरणको अभाव र अरू यस्तै थुप्रै कारणले नेपालको व्यापार घाटा बढेर गएको छ । हालको रफ्तारमा व्यापार घाटा बढ्दै जाने हो भने २०७८/७९ अन्तसम्ममा १७ खर्ब रुपियाँको व्यापार घाटा हुने प्रक्षेपण गरिएको छ । २०७८/७९ को पहिलो नौ महिनामा नेपालको आयात १४ खर्ब ६६ अर्ब ६६ करोड रुपियाँ भएको छ । यस अवधिमा नेपालको निर्यात १ खर्ब ६० अर्ब ५७ करोड भएको छ ।

त्यसै हिसाबले नेपालको व्यापार घाटा १३ खर्ब ६ अर्ब ८ करोडको भएको छ । यो घाटा २०७७/७८ को पहिलो ९ महिनाको तुलनामा २८.४७ प्रतिशतले बढी देखिन्छ । आयात नियन्त्रणमा कडाई गर्न बैंकहरूले अत्यावश्यकबाहेकका सामग्रीमा प्रतित पत्र अथवा एल सी नखोल्ने निर्णय गरे पनि ९ महिनामा अर्बौं रुपियाँको बिलासिताका सामान आयात भएका छन् । देशमा नै उत्पादन हुन सक्ने फलफुल, खाद्यान्नको आयातसमेत ह्वातै बढेको छ । नौ महिनाको अवधिमा निर्यात भएका वस्तुमध्येमा भटमासको तेल, पाम तेल, सनूलावर अगाडि छन् ।

आ.ब. २०७०-७१ मा व्यापारघाटा ६ खर्ब १९ अर्ब रुपियाँ पुगेको छ । हरवर्ष झैं यो वर्ष पनि व्यापार घाटा उच्च दरले बढेको छ । अघिल्लो वर्षभन्दा व्यापार घाटा २९ प्रतिशतले बढेको छ । आ.ब. २०६९-७० मा व्यापार घाटा ५ खर्ब २४ अर्ब रुपियाँ थियो देशमा । एक दशककैं बीचमा नेपालको व्यापार घाटा ७ गुणाले बढेको छ । नेपालभित्र नै उत्पादन गर्न सकिने वस्तु तथा सेवामा पनि परनिर्भरता बढ्दै गएको छ ।

व्यापार घटाउन कम गर्न कि त आयात प्रतिस्थापन गर्न पर्ने हुन्छ कि त देशको निर्यात बढाउन पर्ने हुन्छ । तर पाँच दश वर्ष यता उद्योगको वृद्धिदर ३ -४ प्रतिशत जति छ । तर २०७३,२०७४ र २०७५ मा आर्थिक वृद्धि ५ देखि ७ प्रतिशका दरले भए । न्यून उत्पादन, दैनिक उपभोगदेखि विलासितासम्मका वस्तुहरू र रेमिट्यान्सले घटेको बेला र बढाएको बेला उपभोगका कारण व्यापार घाटा चुलिदैं गएको छ । उदारीकरण भन्दैमा गुणस्तरहीन विदेशी वस्तुमा रमाई देशमा अन्धाधुन्ध आयात दिन दुई गुण रात चौगुणा जस्तो विदेशी वस्तुहरू आयात भइरहेका कारण नेपालको व्यापार घाटा बढ्दै गएको हो ।

यस्तै स्वदेशी वस्तुका लागि चाहिने कच्चा पदार्थको देशमा अभाव हुनु, बढी मूल्य अभिवृद्धि हुने वस्तुका विदेशमा खोज नभएको, वस्तु गुणस्तर तथा प्रमाणीकरणको अभाव र अरू यस्तै थुप्रै कारणले नेपालको व्यापार घाटा बढेर गएको छ । नेपाल त भारत र चीनमा निर्मित वस्तुहरूका क्रीडास्थल बन्दै आएको छ ।आ.ब. २०७०-७१ मा नेपालबाट निर्यात ९० अर्ब रुपियाँको मात्र थियो । २०७८/७९ को पहिलो पाँच महिनामा निकासी १ खर्ब बढी हुन गएको छ । नेपालबाट मुख्यतया पाम आयल, भटमासको तेल, फलाम, गलैंचा, कफी तथा चिया, तयारी पोशाक, पोलिस्टर धागो, अलैंचीलगायत निर्यात हुँदै आएको छ । नेपालले गुणस्तरीय वस्तुहरू उत्पादन गर्न सके विदेशमा माग भएको बुझिएको छ ।

निर्यात कमजोर हुँदा २०७८/७९ को पाँच महिनामा नेपलको वैदेशिक व्यापारमा ७ खर्ब ३५ अर्ब ४८ करोडको व्यापार घाटा र हेको छ । विदेशबाट वस्तु आयात अत्यधिक बढ्दै जाँदा व्यापारीले शुरूमा नै नगद मार्जिन राख्न पर्ने व्यवस्था गरिएको छ ।नेपालले विदेशबाट २०७८/७९ को पाँच महिनामा १ खर्ब४७ करोड रुपियाँको कृषिजन्य वस्तु आयात भएको छ । देशमा गुणस्तरीय परीक्षण प्रयोगशालाको विकास गरी गुणस्तरहीन विदेशी सामानलाई प्रतिबन्ध गर्नु आज नितान्त आवश्यक छ । गुणस्तरीय विदेशी सामान पनि आन्तरिक मागलाई मात्र चाहिने आयात गर्नु पर्नेमा किन अन्धाधुन्ध आयात गरी नेपाल आमालाई भार देशका सपुतले किन दिइरहेछन् । डब्ल्यूटीओको प्रावधान भन्दै जति पनि आयात गर्न पर्ने अवस्था पक्कै होइन ।

पेट्रोलियम पदार्थ, इलेक्ट्रोनिक्स, अटो मोबाइल, गरगहना, कस्मेटिकलगायतको आयात ह्वातै बढेको पाईन्छ। लोडसेडीङका कारण औद्यौगिक क्षेत्र तथा घरेलु काममा पेट्रोलियम पदार्थको उपभोगमा बढ्दै गएको प्रवृति र व्याट्रीदेखि इन्भर्टरसम्मका वस्तुका माग बढ्दै गएका क्षण पल त गइसके । फलाम-स्टिलका वस्तुका आयात, बहुमूल्य पत्थरका आयात, घिउ-तेल-खाद्यान्न, औषधीलगायतका आयात बढदै गएको छ ।

नेपालको भारतबाट मात्र आयात नेपालको कुल आयातको ६५ प्रतिशत जति छ । वाणिज्यसम्बन्धी सरकारी निकायले निर्यात प्रवर्द्धनका लागि एनटीआईएसको कार्य राम्रोसँग नभएको र इन्ह्यान्स्ड इन्टिग्रेटेड फ्रेमवर्क वा इआईएफका काम प्रभावकारी नभएको महसुस गरेको देखिन्थे । यसै गरी भारतीय कृषिजन्य उत्पादनमा भारतीय सरकारले कृषि अनुदान दिएकाले नेपालको कृषि वस्तुभन्दा त्यस्ता कृषि भारतीय वस्तुले भारतीय बजार पाएकाले त्यस्ता नेपाली कृषि वस्तुहरूले भारतीय बजार पाउन गाऱ्हो हुँदै गएको छ ।

नेपालमा भारतीय कृषि वस्तुहरूको मात्र आयात करिब दश अर्ब बढी जतिको र तेस्रो देशहरूबाट पनि त्यतिकै कृषि वस्तुहरू आयात देखिन्छ । अघिल्लो वर्षभन्दा पछिलो वर्ष यो र कम बढ्दै गएको प्रवृति छ । मकै,सोयाबिन, फलफूल, तरकारी मासुजन्य पदार्थ, तयारी पोसाक जुन देशभित्र उत्पादन गर्न सकिने वस्तु हुन् तर यिनै सामग्रीको आयात हरवर्ष कहालीलाग्दो हुँदै गएको देखिन्छ । कृषि कृषिजन्य र त्यसका सहायक उत्पादनको आयात मात्रै बाहिरका देशहरूबाट एक खर्ब रुपियाँभन्दा बढी छ । कृषि आयात प्रतिस्थापन गर्न सकिने क्षेत्र हो । नेपालमा कुनै वर्ष मासुकै लागि भारतबाट २३ अर्ब रुपियाँको पशु आयात हुने गरेको देखिन्छ । स्मरण गराइन्छ की सन् १९७० को दशकसम्म नेपालले आफ्ना कृषिजन्य उत्पादन कोरिया, भारत, चीनको स्वशासित क्षेत्र तिब्बत, बर्मा वा म्यानमार र टर्कीसम्म निर्यात गर्ने गरेको थियो । नेपालले सन् २००४ मा विश्व व्यापार संगठनको सदस्यता लिएपछि नेपाली निर्यातजन्य वस्तुहरूको विश्व बजारमा पहुँच बढ्ने र त्यसले आयवृद्धि भई व्यापार घाटा घट्ने भनिए पनि त्यसको ठिक उल्टो स्थिति देखा पर्दै आयो । यसको सदस्यता लिँदा नेपालको व्यापार घाटा ८२ अर्ब रुपियाँको मात्र थियो ।

संगठनका सदस्यता पश्चात्को प्रावधान पूरा गर्न अमेरिका, युरोप र भारतजस्ता प्रमुख निर्यात बजारहरूमा उत्पन्न विभिन्न खाले भन्सार र गैरभन्सारजन्य अवरोधहरूले नेपाली उत्पादनको विश्वव्यापी बजार कमजोर बनिसकेको थियो । तर, २०७८/७९ को पाँच महिनामा मात्र रु. निकासी रु. १ खर्ब २ अर्ब ९२ करोड र आयात रु. आठ खर्ब ३८ अर्ब ४० करोडको भएको छ । कृषिको व्यवसायीकरण, अनुदान, सहुलियतपूर्ण कृषि कृषि ऋणलगायतका सुविधामार्फत कृषि क्षेत्रको संरक्षण, आन्तरिक उपभोग्य वस्तु उत्पादकहरूलाई प्राथमिकता, व्यापार विविधीकरण, निर्यातजन्य वस्तुहरूको प्रतिष्पर्धी क्षमतामा वृद्धिलगायतका माध्यमहरू अपनाई व्यापारघाटा कम गर्न सकिन्थ्यो ।

देशको व्यापार घाटा वर्षेनी बढेकाले निर्यात प्रवर्द्धनका लागि वाणिज्य नीति २०७२ तथा एनटीआईएस २०७३ पुनवरावलोकन आवश्यक भएको छ । त्यसको साथै व्यापार घाटा घटाउन निकासीयोग्य वस्तुका देशमा उत्पादन बढ्नै पर्दछ । सन २००९ को परिमार्जित वाणिज्य सन्धिमा सहमति हुनुलाई व्यापारिक र राजनीतिक क्षेत्रका सफलताका रूपमा त्यसबेला लिइएको थियो । तर उक्त सन्धि देशको हितमा भए पनि औंद्योगिक वातावरण बन्न नसकेकाले यसले व्यापार घाटा कम गर्न नसकेको देखिन्छ ।

उक्त सन्धिमा तुलनात्मक लाभ भएका वस्तुहरूका निर्यात अवरोध हटाउने परिमार्जित बुँदा भए पनि त्यसको ठोस व्याख्या नभएकाले निकासी बढ्न सकेन । सन्धिमा गैरभन्सार अवरोध हटाउने भनिए पनि कुनै ठोस कदम आजसम्म चालिएको छैन । सरसर्ती हेर्दा सन्धिका १४ बुँदाहरू नेपालको हितमा देखिए पनि सन्धिपश्चात्का कार्यान्वयन गरिने पूर्वाधार निर्माणमा कदम चालिएन । सन्धि आफैंमा अग्रगामीका कदमबारे स्पष्ट व्याख्या देखिँदैन ।

-बाँकी ३ पेजमा...

# बाबुको नागरिकता नहुँदा संकटमा हिरन्मईको क्रिकेट करिअर



काठमाडौं/ दमक-५, झापाकी १५ वर्षीया हिरन्मई रायलाई सानैदेखि क्रिकेट मोह भरिदिने उनकै बुबा विरेन हुन् ।

आफू जान्ने भएपछि सन्दीप लामिछानेलाई प्रेरणा मानेर हुर्किएकी हिरन्मईले जेठ पहिलो साता युगाण्डाविरुद्धको ऐतिहासिक घरेलु शृंखलामा राष्ट्रिय टिमबाट खेल्ने सपना पनि पूरा गरिन् । पुरुष राष्ट्रिय टोलीका कप्तान सन्दीपको जस्तै हिरन्मईको लेगस्पिन जादूले पाँच टी-२० शृंखलाको पछिल्लो दुई खेल नेपालको पक्षमा आयो ।

प्रदेश १ को यू-१९ टोलीबाट पहिचान बनाएकी हिरन्मईले क्रिकेटको सपना पूरा गर्न एसईई परीक्षा त्यागिन् । पढाई रोकिएपनि क्रिकेटमा लागेकोमा बुबा वीरेनलाई सन्तुष्टि नै मिलेको थियो ।

छोरीलाई क्रिकेटर बनाउने विरेनको सपना पूरा भएको एक महिना नबित्दै परिवारमा ठूलो सन्नाटा छाएको छ । आफ्नो नागरिकता नभएकै कारण छोरी अन्तर्राष्ट्रिय प्रतियोगिताका लागि विदेश भ्रमणबाट वन्चित हुनुपरेको खबरले वीरेनलाई बेचैन बनाएको छ ।

असार ३ देखि ११ गतेसम्म हुने एसीसी महिला टी-२० छनोट खेल्न नेपाली टोली मलेसिया जानु पर्नेछ । तर दुई टी-२० अन्तर्राष्ट्रियमा गरेको प्रदर्शनबाटै टिमको मुख्य सदस्य बनिसकेकी हिरन्मईको कागजी प्रक्रिया नपुगेका कारण नेपाल क्रिकेट संघ (क्यान)ले मलेसिया जाने अन्तिम टिम घोषणा गर्न सकेको छैन ।

बाबु/आमाकै नागरिकता नहुँदा स्वभाविक प्रक्रियाबाट हिरन्मईको मलेसिया प्रस्थान सम्भव छैन । ट्राभल डकुमेन्टका लागि क्यानले राखेको प्रस्ताव राष्ट्रिय खेलकुद परिषद (राखेप), खेलकुद मन्त्रालय हुँदै परराष्ट्र मन्त्रालयमा पुगेर रोकिएको छ ।

ट्राभल डकुमेन्ट नबाउन सरकारले सहयोग नगर्ने हो भने उनले एसीसी महिला टी-२० छनोट गुमाउने अवस्था बन्छ । क्यानले भने नेपाली महिला लेगस्पिनमा 'हिरा' बन्नसक्ने हिरन्मईको प्रतिभा जोगाउन हरसम्भव प्रयास भइरहेको बताएको छ । पहिचानकै अभावमा राष्ट्रिय टिमबाट खेल्न नपाउने हो कि भन्ने त्रासले १५ वर्षीया हिरन्मई मानसिक रुपमा विक्षिप्त छिन् । 'कागजपत्र नमिलेर खेल्न नपाएको भन्नु हुन्छ । मलाई धेरै केही थाहा भएन,' राष्ट्रिय टोलीका क्याम्पमा प्रशिक्षणरत हिरन्मई भन्छिन्, 'देशको लागि खेल्ने अवसर थियो, खोइ के भयो ?'

हिरन्मईका बुबा ५५ वर्षीय विरेन राय २०३६ सालमा १२ वर्षको उमेरमा भारतको पश्चिम बंगाल, जल्पाइगुढीबाट नेपाल आएका हुन् । उनले बताएअनुसार गाउँमा प्रसाईं थरका छिमेकी थिए । उनीहरु जग्गाजमिन बेचेर नेपाल आउँदा वीरेन पनि आए । सानै उमेरमा परिवार छाडेर हिँडेका विरेन झापा छोडेर अन्त कतै गएका छैनन् । झापामै कृषि र घर बनाउने मिस्त्रीको काम गरेर उनले जीवनका उर्जाशील ४ दशकभन्दा लामो समय व्यतीत गरे । आमाबुबा जीवित र हुन्जेल कहिलेकाहीँ घर (भारत) जाने गरेका थिए । २०६१ सालमै उतै गएर अनिमासँग विहे गरेर नेपाल फर्किए । २०६३ साल चैतमा विरेन र अनिमाबाट जुम्ल्याहा छोरी जन्मिए-हिरन्मई र हिरन्वती । उनीहरुको जन्मदर्ता दमक नगर पालिका-४ मा छ । 'पहिला खेतीपातीको काम गर्थें । जसको खेती गर्‍यो त्यसैकोमा बस्यो । पछि घर बनाउने मिस्त्रीको पनि काम गरें । छोराछोरी हुर्कंदै गएपछि खर्च बढ्न थाल्यो ।

खेतीपानी र मिस्त्रीको कामले पुग्न छाडेपछि साथीभाइको सल्लाहमा सानो दोकान खोलेर बसेको छु,' विरेनले आफ्नो विगत स्मरण गरे, 'योभन्दा अगाडि नागरिकताको आवश्यकता पनि परेन । आफैंले बनाउन खासै सोधीखोजी पनि गरिएन । लामो समयसम्म नेपालमै बसिरहन्छु भन्ने निश्चितता पनि थिएन ।'

वीरेनसँग भारतीय नागरिक पहिचान हुने कागजपत्र पनि छैन । भन्छन्, 'सानैमा घर छाडेर हिंडेको । उताको बारे केहि थाहै भएन ।' दुवै देशको नागरिक प्रमाणित गर्ने कागजपत्र नहुँला दमकमा बस्दै आएको राय परिवार अहिले 'अनागरिक' बनेको छ ।

बुढेसकालमा ठूलो आशा राखेकी छोरीलाई अगाडि बढ्न भइरहेको अड्चनको मुख्य कारक पनि आफ्नो नागरिकता नहुनु भएको थाहा पाउँदा वीरेनको मन अमिलो भएको छ ।

अहिले नभए अर्कोपल्टसम्म त केही न केही उपाय निस्किहाल्छ नि भनेर सम्झाएका छन् । तर अझै आश मारेका छैनन् । क्रिकेट संघका अधिकारीमार्फत छोरीको कागजपत्र पूरा गर्न प्रयास गरिरहेको आश्वासन पाएका छन् ।

'म त श्रमिक मान्छे हो । मलाई कानूनबारे केही थाहा पनि छैन । ठूलाबडा मान्छे चिनेको पनि छैन । तर छोरीले क्रिकेट खेलिरहन पाइदिए हुन्थ्यो जस्तो लाग्छ । कसैले सहयोग गरिदिए यो गरिबको भलाई हुन्थ्यो,' उनी भन्छन् ।

वीरेन दमक-५ मा चिया पसल चलाएर गुजरा बसेका छन् । छोरीले क्रिकेट खेलेको मन पराउने विरेनलाई अहिलेसम्म एउटा ब्याट र बल समेत किनदिन सकेका छैनन् । आर्थिक रुपमा कमजोर भए पनि उनको प्रतिभा रोकिएको थिएन । झापाको प्याट्रियोटिक क्रिकेट एकेडेमी दुई वर्षदेखि हिरन्मईको करिअर विकासका लागि सहयोग गरिरहेकै थियो । 'एउटा बलसम्म किन्ने पैसा छैन । आजसम्म एउटा ब्याट र बल पनि किनेर दिन सकेको छैन । क्लबले एकजोडी भेस्ट र जुत्ता दिएको थियो ।

एकवर्ष भयो त्यही लगाएर खेलिरहेकी छन्,' वीरेन भन्छन्, 'धेरै पढाउन नसके पनि एउटा इलममा लागेकी थिई, अब राम्रो हुन्छ कि भन्ने सोचेको थिएँ । तर भाग्यले पनि ठगेको हो कि !'

प्रदेशस्तरीय क्रिकेट खेलाडी हिरन्मईलाई प्रशिक्षक जगत टमटाले नै सिनियर टिममा ल्याएका हुन् । उनलाई यू-१९ प्रतियोगिता खेलेको हेरेर उनलाई सिनियर टिमको प्रशिक्षणमा बोलाइएको थियो । युगाण्डविरुद्धको शृंखलामा नेपालले लगातार तीन खेल हारेकोमा हिरन्मईले डेब्यू खेलमै जित दिलाएकी थिइन् ।

अहिले नेपाली महिला क्रिकेट टिमकी प्रमुख लेगस्पिनर रहेकी उनी नै खेल्न जान नपाए नेपाली टिमलाई घाटा लाग्ने प्रशिक्षक टमटाले बताए ।

'उनी टिमलाई एकदमै चाहिने खेलाडी हो,' उनले भने, 'खेल हेरेर छानेर ल्याएको थिएँ । उसले आफूले अफूलाई प्रमाणित पनि गरेको हो । यस्ता क्षमतावान खेलाडीले यस्ता कारणले खेल गुमाउन नपरोस् भन्ने मेरो चाहना हो । सरकारले यसबारे विचार गर्नुपर्छ ।'

राष्ट्रिय टोलीकी कप्तान रुबिना क्षेत्रीले एउटा क्षमतावान नेपाली नागरिकले नागरिकताकै कारण खेल्न नपाउने कुरा स्वयम् खेलाडीका लागि निकै ठूलो निराशा हुने बताइन् ।

'१५ वर्षकी नानीलाई तिमीले यो कारणले खेल्न पाएनौ भनेर कसरी बुझाउनु ?' रुबिना भन्छिन्, 'उ जन्मेको नेपालमा हो र एउटा यस्तो खेलाडी हुन्, जसले टिममा प्रमुख खेलाडीको भूमिका निभाउँछ भनेपछि राष्ट्रकै लागि खेल्ने मान्छेलाई राष्ट्रले पनि न्याय गरिदिए हुन्थ्यो ।'

-साभार: अनलाइनखबर

# बिहेपछि झनै बोल्ड आँचल



काठमाडौं/ हिजो आज आँचल शर्माको पहिरनले दर्शकको ध्यान तान्ने गरेको छ । उनी उपस्थित हुने इभेन्टमा उनको ड्रेसले ध्यान तान्ने गरेको छ । केही दिन अगाडि आफ्नो फिल्म 'वर एण्ड वधु' को घोषणाको लागि आयोजित गरिएको पत्रकारसम्मेलनमा पनि उनले इभेन्टको ध्यान आफूतर्फ मोड्न सफल भइन् । बिहेपछि युट्युब च्यानलमा पहिलेको तुलनामा कम देखिन थालेकी आँचलमा अर्को परिवर्तन पनि आएको छ, त्यो हो फेसनको । आँचल विवाहअघि फेसनको मामलामा त्यति धेरै उम्दा लाग्दिन थिइन्। हेरिरहेकै, देखिरहेकै पहिरनमा देखिन्थिन् । तर, विवाहपश्चात् भने उनको फेसनमा व्यापक परिवर्तन महसुस गर्न सकिन्छ । No description available. पछिल्लो समय उनी इभेन्टमा प्रस्तुत हुने शैली र सामाजिक सञ्जालमार्फत सार्वजनिक गर्ने तस्बिरहरूले उनको पहिरनको यथार्थलाई दर्शाउँछ । उनका फ्यानले पनि पहिरनको खुलेर तारिफ गरेका छन् । आँचललाई फ्यानले झन् झन् बोल्ड भएको भन्न थालेका छन् । किनकी बिहेपछि धेरैको फेसन कुर्ता र सारीमा खुम्चन्छ । तर, आँचल झन्-झन् बोल्ड हुँदै गएको धेरैले महसुस गरेका छन् ।

# व्यापार घाटाको...

यससँगै भारतले नेपालको प्रयोगशालाको स्तरोन्नतिमा पनि सहयोगको बचन दिए पनि व्यवहारमा भएको देखिँदैन । सन्धिमा नेपालको अन्तर्राष्ट्रिय उडानबाट समेत व्यापार गर्न सक्ने प्रावधान एवम् मान्यता दिए पनि यस हवाई उडान नाकाबाट हुने व्यापारको प्रकृति खुलेको देखिँदैन । साथै तयारी पोशाक व्यवसायीहरूले भारतले लगाएको ४ प्रतिशत अतिरिक्त शुल्क हटाउन माग गरे पनि सो खारेज हुन सकेको छैन ।

नेपालको व्यापार घाटा निरन्तर रूपमा बढ्दै गए पनि गम्भीर रूपमा अहिलेसम्म घाटा कम गर्न कदम नचालिएबाट देशकै स्वतन्त्र आर्थिक नीतिमा समेत धक्का पर्ने सक्ने छ । यदि नेपालको व्यापारमा सन्तुलनमा ल्याउनको लागि समयमै उपयुक्त कदम चालिएन भने नेपालको स्वाधिन अथतन्त्र गम्भीर अवस्थामा जानेछ । नेपालको कुल वैदेशिक व्यापारको ९० प्रतिशत परिमाणको र ८० प्रतिशत मूल्यका तेस्रो देशसँगको व्यापार भारतको भूमि भएर हुने गरेको अनुमान छ । नेपालको निर्यात व्यापारको ९० प्रतिशत बढी अंश पूर्वाञ्चल र मध्यमाञ्चलले ओगटेको छ ।

सिद्धान्त विश्वका कतिपय देशले आफ्नो कुल गार्हस्थ उत्पादन वा जीडीपीको २ सय २५ प्रतिशतसम्म निर्यात व्यापार गर्ने गर्दछन् । तर नेपालको निर्यात व्यापार कुल गार्हस्थ उत्पादनको ५ प्रतिशतभन्दा कम छ । यो अफगानिस्तान, बुरुन्डी र सुडानजस्ता जीडीपीको तुलनामा अति नै कम निर्यात व्यापार हुने देशको भन्दामा अगाडि हो । नेपालको उतरी छिमेकी चीनको निर्यात व्यापार जीडीपीको २७ प्रतिशत रहेको छ ।

नेपालले सन २०२२ सम्म अतिकम विकसित देश वा एलडीसीबाट विकासशील देशमा स्तरोन्नतिमा जान देशले निर्यात व्यापार पनि फराकिलो गरी व्यापार घाटा घटाउन आवश्यक थियो । देशलाई अग्रगामी विकासशील अवस्थामा जान आगामी २०७८ सालभित्र ९७ खर्ब रूपियाँको लगानी आवश्यक पर्ने बताइएको थियो ।

त्यसपछिमात्र निकासी बढ्न गई व्यापार घाटा घट्ने अनुमान थियो । २०७८/७९ देखि नेपालका निर्यात बढ्ने संकेत छ । लगानीका अवरोध बनेका दर्जनौं ऐन-कानुन-नियमका संशोधन तथा अन्य थुप्रै नयाँ ऐन ल्याउन आवश्यक अद्यापि देखिन्छ । त्यसमा सरकारले केही पहल गरेको देखिए पनि परिणाम देखिएको छैन । यस्तो अत्यावश्यक मामलामा पछाडि पर्नु आर्थिक विकासको गतिलाई पछाडि धकेल्नु हुने छ ।

*(लेखक व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रका पूर्वनायव कार्यकारी निर्देशक हुनुहुन्छ) ।*

*-साभार: नेपाल समाचारपत्र*

# वन उपभोक्ता समूहका अध्यक्षसहित ३ जनाविरुद्ध मुद्दा




काठमाडौं/ अख्तियार दुरुपयोग अनुसन्धान आयोगले सामुदायिक वन उपभोक्ता समूहका अध्यक्षसहित तीनजनाले भ्रष्टाचार गरेको अभियोगमा आरोपपत्र दायर गरेको छ ।

आयोगले विशेष अदालत काठमाडौंमा बर्दिया, राजापुर नगरपालिका-७ स्थित भालुफाँटा सामुदायिक वन उपभोक्ता समूहका अध्यक्ष लाहानु थारु, तत्कालीन सचिव सोहन प्यारी थारु र तत्कालीन कोषाध्यक्ष राधेश्याम थारुविरुद्ध भ्रष्टाचार मुद्दा दायर गरेको हो ।

उपभोक्ता समूहले गैह्रकाष्ठ वन पैदावार संकलन भई टेण्डर प्रक्रिया बमोजिम सुरुची ट्रेड एण्ड सप्लायर्स मगरागाडी-२ बर्दियालाई लिलाम बिक्री गर्ने क्रममा अनियमितता गरेको अयोगको अनुसन्धानले देखाएको छ । आयोगका प्रवक्ता श्यामप्रसाद भण्डारीका अनुसार तीनजनाले २ लाख ७८ हजार ८४ रुपियाँ भ्रष्टाचार गरेको पुष्टि भएको छ ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

Printer Shop
The complete office solution

Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# पाँच दलको गठबन्धन सम्मानजनक भएन: खनाल



काठमाडौं/ नेकपा (एकीकृत (समाजवादी)को स्थायी कमिटी बैठकमा पार्टीको स्थानीय तह निर्वाचनसम्बन्धि समीक्षा प्रतिवेदनमाथि छलफल सुरु भएको छ ।

मंगलबार पार्टी केन्द्रीय कार्यालय तीनकुनेमा बसेको पार्टी स्थायी कमिटी बैठकमा पार्टीको केन्द्रीय सचिवालयले तयार पारेको स्थानीय तह निर्वाचनको समीक्षा सम्बन्धि प्रतिवेदनमाथि छलफल सुरु भएको हो ।

सचिवालयको तर्फबाट प्रस्तुत सो समीक्षा प्रतिवेदनमाथि बैठकमा छलफल सुरु गरिएको सम्मानित नेता झलनाथ खनालले जानकारी दिए । उनले प्रतिवेदनमा नेताहरूले आ-आफ्नो धारणा राखेको र त्यसबाट शिक्षा लिएर कसरी अघि बढ्ने भन्ने विषयमा छलफल जारी रहेको समेत बताए । खनालका अनुसार प्रतिवेदनमा पाँच दलीय गठबन्धन सम्मानजनक नभएकाले स्थानीय तह निर्वाचनमा आफ्नो पार्टीले अपेक्षित परिणाम ल्याउन नसकेको निष्कर्ष निकालिएको छ ।

सम्मानित नेता खनालले भने, 'स्थानीय तह निर्वाचनको सम्बन्धमा समीक्षा बैठक हो यो । समीक्षा सम्बन्धी एउटा प्रतिवेदन तयार भएको छ । यसमा सबैले आ-आफ्नो कुरा राख्नु भएको छ । छलफल हुँदैछ । र, यो समीक्षाको सन्दर्भमा वास्तवमा पाँच दलको बीचमा जुन ढंगले गठबन्धन हुनुपर्ने थियो, त्यो ढंगले भएन । सम्मानजनक भएन । त्यसले गर्दा खेरी आउनुपर्ने परिणाम पनि आएन । कुरा त्यो हो । तर, त्यसबाट के शिक्षा लिने भन्ने बारेमा अझै छलफल गर्दैछौं । त्यो क्रम जारी छ ।' बैठक आज पनि जारी रहने र निर्वाचनको समीक्षाबारे पार्टीको ठोस धारणा सार्वजनिक हुने नेकपा (एकीकृत समाजवादी)ले जनाएको छ ।

-साभार: रातोपाटी

# एमालेले सबै प्रदेशमा प्रशिक्षण कार्यक्रम संचालन गर्ने



काठमाडौं/ नेकपा (एमाले) ले सबै प्रदेशमा अनुशासनबारे प्रशिक्षण कार्यक्रम संचालन गर्ने भएको छ ।

मंगलबार पार्टी कार्यालय च्यासलमा बसेको एमाले केन्द्रीय अनुशासन आयोगको बैठकले अनुशासनबारे सातै वटा प्रदेशमा प्रशिक्षण गर्ने निर्णय गरेको हो ।

पार्टी भित्र देखापरेको अनुशासनहिनतालाई परास्त गर्ने उद्देश्यले साउन महिनाको दोस्रो साताबाट प्रशिक्षण कार्यक्रम आयोजना गर्ने निर्णय भएको हो । बैठकले पार्टीको सिद्धान्त, मूल्यमान्यता र अनुशासन विपरीत कुनै पनि गतिविधि हुन नदिन सबै कमिटीहरुलाई पत्राचार गर्ने निर्णय पनि गरेको छ । -खबरहब

# छुट्टाछुट्टै दुर्घटनामा दुईको मृत्यु

धादिङ/ ईजारा र सिस्नेखोलामा मंगलबार भएको छुट्टाछुट्टै दुर्घटनामा दुईजनाको मृत्यु भएको छ । धादिङको निलकण्ठ नगरपालिका-३ ईजारामा बा १८ च २८२० नम्बरको बोलेरो जिप दुर्घटना भएको हो । धादिङ्वेसीबाट जुरेथुमतर्फ जाँदै गरेको जिप दुर्घटना हुँदा निलकण्ठ नगरपालिका-१ जुरेथुमका ३२ वर्षीय प्रेमबहादुर गुरुङको मृत्यु भएको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक जागेश्वर भण्डारीले जानकारी दिए ।

दुर्घटनामा १७जना घाइते भएका छन् । उनीहरुको धादिङ अस्पतालमा उपचार भइरहेको डा मधुकर दाहालले जानकारी दिए । उकालो बाटोमा क्षमताभन्दा धेरै यात्रु र सामान बोकेका कारण जिप दुर्घटना भएको बताइएको छ ।

यस्तैत्रिभुवन राजपथअन्तर्गत धादिङको धुनीबेंसी नगरपालिका- ९ सिस्नेखोला सुरुङ मार्गमा ट्रक दुर्घटनामा एकजनाको मृत्यु भएकोछ । नौबिसेबाट काठमाडौंतर्फ जाँदै गरेको ना५ख ७३८६ नम्बरको मालबाहक ट्रक सोही दिशातर्फ जाँदै गरेको बा३क ३४०४ नम्बरको मिनी ट्रक र बा८२प ५६४५ नम्बरको मोटर साइकलसँग ठोक्किँदा एक युवाको ज्यान गएको प्रहरीले जनाएको छ ।

धादिङको निलकण्ठ नगरपालिका-१२ का ४४ वर्षीय यमबहादुर मगरको मृत्यु भएको हो । दुर्घटनामा घाइते निलकण्ठ नगरपालिका-८ का गणेश श्रेष्ठको काठमाडौंमा उपचार भइरहेको छ । - रासस

# बैंकहरुको कृषि कर्जा सबैभन्दा धेरै काठमाडौंमा



काठमाडौं/ सबैभन्दा बढी कृषि कर्जा काठमाडौंमा परिचालन हुने गरेको देखिएको छ । नेपाल राष्ट्र बैंकले सार्वजनिक गरेको प्रादेशिक आर्थिक गतिविधि अध्ययनको प्रतिवेदन (अर्धवार्षिक) अनुसार आर्थिक वर्ष २०७८/७९ को पुस महिनासम्म बढी कृषि कर्जा लिने जिल्लामा काठमाडौं अघि छ ।

बैंक तथा वित्तीय संस्थाबाट बागमती प्रदेशको कृषि क्षेत्रमा प्रवाहित कर्जा यो वर्ष ३.३ प्रतिशतले बढेर पुससम्म १ खर्ब ३ अर्ब ४१ करोड पुगेको छ । गत वर्षको सोही अवधिमा यस्तो कर्जा २०.२ प्रतिशतले बढेको थियो । कृषि क्षेत्रमा बैंक तथा वित्तीय संस्थाले कुल कर्जाको ४.० प्रतिशत कर्जा कृषि क्षेत्रमा प्रवाह गरेका छन् ।

बागमतीभित्र कृषि क्षेत्रमा प्रवाहित कर्जामध्येमा काठमाडौं जिल्लाको अंश ४०.४ प्रतिशत छ । अर्थात् ४१ अर्ब ७३ करोड रुपैयाँ कृषि काठमाडौंमै परिचालन भएको छ । प्रदेशको कुल कषि बाली र उत्पादनमा औसत ६.५ प्रतिशत मात्रै योगदान दिने काठमाडौंमा करिब ४१ प्रतिशत कृषि कर्जा परिचालित हुनुले कृषि कर्जा वास्ताविक कृषकभन्दा पहुँचवालाको हातमा पुगिरहेको स्पष्ट गर्छ । काठमाडौंले बागमतीमा उत्पादन हुने खाद्य तथा अन्य बालीमा ६.५ प्रतिशत मात्रै योगदान दिन्छ । त्यस्तै काठमाडौंले प्रदेशमा तरकारी बालीमा १० प्रतिशत र फलफूल तथा मसलामा ३ प्रतिशत मात्रै योगदान गर्छ । यस्तै दूधमा ११.९, मासुमा १.९, अण्डामा ११.९ र माछापालनमा ०.६ प्रतिशत मात्रै उत्पादनमा काठमाडौंको हिस्सा छ ।

काठमाडौं यी सबै उत्पादनमा काभ्रे, चितवन लगायतका जिल्ला काठमाडौं भन्दा धेरै अघि छन् । तर, कृषि कर्जा भने काठमाडौंकै कृषि फर्म र कृषकहरुमा केन्द्रित छ । कृषि कर्जामा चितवनको अंश २९.९ प्रतिशत, मकवानपुरको ६.४ प्रतिशत, काभ्रेपलाञ्चोकको ५.१ प्रतिशत, धादिङको ४.० प्रतिशत, नुवाकोटको ३.७ प्रतिशत, ललितपुरको ३.१ प्रतिशत, भक्तपुरको अंश २.४ प्रतिशत, सिन्धुलीको अंश १.८ प्रतिशत छ ।

यस्तै सिन्धुपाल्चोकको अंश १.२ प्रतिशत, दोलखाको अंश ०.७ प्रतिशत, रामेछापको अंश ०.६ प्रतिशत र रसुवाको अंश ०.६ प्रतिशत छ । -साभार: अनलाइनखबर

# अनुदानले डोऱ्याएको आत्मनिर्भरको बाटो

साझाकुरा संवाददाता

हेटौंडा, ३१ जेठ/ हेटौंडा-१९ कि कुमारी मोक्तान दुई वर्षअघिसम्म एक गृहणी महिलामात्रै थिइन् ।

सामान्य खर्चको लागि पनि उनी अरुको भर पर्नुपर्थ्यो । आफूलाई चाहिने श्रृंगार सामाग्रीदेखि घरको भान्छामा चाहिने नुनतेल किन्न पनि उनले अरुको अगाडि हात फैलाउनु पर्थ्यो । तर, अहिले उनको समय फेरिएको छ ।

दुई वर्षअघिसम्म घरखर्च चलाउन हात थाप्नुपर्ने कुमारी अहिले आफ्नै हातले कमाएको पैसाले सहजै घर धान्छिन् । उनले कमाएको पैसाले आफ्नो जरुरत र घरखर्च मात्रै टर्दैन, घरका बालबालिकालाई पढाउन पनि पुग्छ । 'अहिले गोठमा बंगुर बाख्रा छन् । अनि मेरो हातमा आफ्नै कमाई', साझाकुरासँग कुरा गर्दै उनले भनिन् । कुमारीको गोठमा अहिले ४० वटा बंगुर र ११ वटा बाख्रा छन् । उनको लागि बंगुर र बाख्रा जीवनको आत्मनिर्भरताको खुड्किलो हो । उनले यसअघि पनि घरमा बाख्रा नपालेको होइन । तर, व्यावसायिकरुपमा पशुपालन गर्दा आफूलाई आत्मनिर्भर बन्न सहयोग पुगेको उनी बताउँछिन् । २०७७ सालको मंसिर महिनातिरबाट उनले व्यावसायिकरुपमा पशुपालन सुरु गरेको बताइन् ।

उनलाई व्यावसायिक बनाउन हेटौंडा उपमहानगरपालिकाले सहयोग गरेको छ । उपमहानगर पालिकाले एक लाख रुपैयाँ सहयोग गरेपछि नै हो उनले व्यावसायिक रुपमा पशुपालन गर्न सकेको । 'हेटौंडा उपमहानगरपालिकाले मलाई एक लाख रुपैयाँ सहयोग दिएकोले मलाई काम गर्न सजिलो भयो । यसैले गर्दा मेरो घरखर्च मात्रै टरेको छैन, मैले आफैं पनि केहि गर्न सक्छु भन्ने आत्मविश्वास बढेको छ', उनले भनिन् । हेटौंडा उपमहानगरपालिकाले कुमारीलाई जस्तै उपमहानगरका महिला, युवा, किसान तथा पिछडिएका वर्गहरुलाई अनुदान दिएको छ । उनीहरुलाई आत्मनिर्भर बनाउँदै हेटौंडालाई व्यावसायिक पशुपालनतर्फ लैजान उपमहानगरले अनुदान वितरण गर्दै आएको छ ।

उपमहानगरले नगरको विभिन्न स्थानमा गोठसुधार कार्यक्रम गरेको छ । युवा लक्षित कार्यक्रमार्फत् उपमहानगरपालिकाले बाख्रा, गाँई, भैसी तथा बंगुर फार्महरुलाई अुदान वितरण गर्ने कामसमेत गरेको छ । आर्थिक वर्ष २०७७/७८ मा उपमहानगरपालिकाले एकल महिला, गरिब, असहाय पशुपालन प्रोत्साहन कार्यक्रममार्फत् ३५ जनालाई सहयोग गरेको छ ।

त्यस्तैगरी उपमहानगर पालिकाको बंगुर प्रवर्द्धन कार्यक्रममार्फत ५० जना लाभान्वित भएको उपमहानगरपालिकाले जनाएको छ । उपमहानगरको कृषि शाखाका रवीन्द्र पौडेलका अनुसार महिला पशुपालन कार्यक्रमबाट ३० जना तथा चिलिंग भ्याट अनुदान कार्यक्रमबाट तीनसय जना लाभान्वित भएको जानकारी दिए ।

उनले साना कृषक सहयोग कार्यक्रममार्फत् खोर, गोठ सुधार र निर्माणको लागि प्रतिखोर २५ हजार रुपैयाँका दरले २०५ जना लाभान्वित हुनेगरि अनुदान दिएको बताए । घाँस काट्ने च्याप कटर, खाल्डो खन्ने मेसिन वितरण तथा डिपिङ ट्याङ्क निर्माण कार्यक्रमबाट ४५ जना लाभान्वित भएको पनि उपमहानगरको तथ्याङ्कमा उल्लेख गरिएको छ । त्यस्तैगरी गाई प्रवर्द्धन कार्यक्रमबाट दुईसय ५०, गाई अनुदान कार्यक्रमबाट एकसय ६५ जना, बंगुर प्रवर्द्धन कार्यक्रमबाट दुई सय ५० जना र बाख्रा प्रवर्द्धन कार्यक्रमार्फत दुईसय ५० जना लाभान्वित भएको उपमहानगरको दावी छ । उपमहानगरपालिकाले सञ्चालन गरेको पशुसम्बन्धीका विभिन्न कार्यक्रमबाट ४५ हजार ८ सय १३ जना लाभान्वित भएको जनाइएको छ ।

# जनप्रिय माविमा गणित विषयको ल्याव

साझाकुरा संवाददाता



हेटौंडा, ३१ जेठ/ हेटौंडा-१६, मा अवस्थित जनप्रिय माविमा गणित विषय शिक्षणका लागि अत्याधुनिक ल्याब स्थापना गरिएको छ ।

गणित विषय विभागका शिक्षक तथा विद्यार्थी स्वयम्को सक्रियतामा ल्याब निर्माण गरिएको छ । ल्यावको निर्माण र प्रयोगपछि जस्तासुकै अमूर्त विषयलाई पनि गर्दै र सिक्दै पद्दतीबाट एवम् जानेकोबाट नजानेकोतर्फ तथा अभ्यासबाट सुत्रतर्फ लैजान सकिने भएकोले ल्याब स्थापना गरिएको विद्यालयले जनाएको छ ।

ल्याबको प्रयोगबाट बालबालिकामा वैज्ञानिक सोचतर्फ उन्मुख गराउन धारणा निर्माण गर्न सकिने जनाइएको छ । नवनिर्मित गणित विषय ल्याबको हेटौंडा-१६ का वडा अध्यक्ष रामकृष्ण कोइरालाले उद्घाटन गरेका छन् ।

जनप्रिय मावि जिल्लाकै पहिलो नमूना विद्यालय हो । गणित विषय विभाग संयोजक भुपेन्द्र चौलागाईले ल्याबमा अंकगणित, विजगणित तथा ज्यामितीय धारणा बसाउन प्रयोग हुने सामग्री र बालबालिकाका अन्य रचनात्मक सामग्रीसमेत राखिएको छ । ल्याब उद्घाटन कार्यक्रममा कक्षा १० की छात्राद्वय स्नेहा दाहाल र सुरक्षा घिमिरेले गणित विषय सम्वद्ध सामग्रीको नमूना प्रस्तुति देखाएका थिए । विद्यालयका प्रधानाध्यापक नमराज अर्यालले ल्याबको विस्तार र आवश्यक सामग्रीको अभाव हुन नदिने प्रतिबद्धता जनाए ।

वडा अध्यक्ष कोइरालाले जनप्रिय मावि नमूना कामकै कारण नमूमा विद्यालय बन्न सफल भएको बताए । उनले गणित विषय ल्याबको कोषमा १० हजार रकम सहयोग गरे । कोषमा व्यवस्थापन समिति सदस्य कृष्ण पनेरुले ५ हजार रकम उपलब्ध गराएका छन् । सदस्य पनेरुको सभाध्यक्षतामा भएको उद्घाटन कार्यक्रममा रोटरी क्लब मकवानपुरका अध्यक्ष रामप्रसाद शर्मा, शिक्षक अभिभावक संघका सदस्य बुद्धप्रसाद दाहाल, हटिया जनप्रिय बहुमुखी क्याम्पसका क्याम्पस प्रमुख विजय नेपाल, प्राविधिक संयोजक मोतिउर रहमानलगायतको उपस्थिति थियो ।

कक्षा १० मा अध्ययनरत् छात्रा कृतिका बरालले सञ्चालन गरेको कार्यक्रममा छात्र नवीन श्रेष्ठले स्वागत मन्तव्य राखेका थिए ।

# कांग्रेसबाट स्थानीय तहमा निर्वाचित जनप्रतिनिधिलाई सम्मान

साझाकुरा संवाददाता



हेटौंडा, ३१ जेठ/ नेपाली कांग्रेस बागमती प्रदेश संसदीय दलले कांग्रेसबाट बागमती प्रदेशको स्थानीय तहमा निर्वाचित जनप्रतिनिधिलाई सम्मान तथा स्वागत गरेको छ ।

मंगलबार हेटौंडामा कार्यक्रमको आयोजना गर्दै दलले बैशाख ३० गते सम्पन्न स्थानीय तह सदस्य निर्वाचनमा नेपाली कांग्रेसको तर्फबाट निर्वाचित पालिकाका प्रमुख, उपप्रमुख, अध्यक्ष र उपाध्यक्षहरुलाई बधाई तथा परिचयात्मक कार्यक्रमको आयोजना गर्दै सम्मान तथा स्वागत गरेको हो ।

संसदीय दलका उप नेता कृष्णलाल भडेलको अध्यक्षता एवं संसदीय दलका नेता तथा बागमती प्रदेशका सभापति इन्द्रबहादुर बानियाँको प्रमुख आतिथ्यतामा कार्यक्रम भएको हो ।

कार्यक्रममा बोल्दै प्रमुख अतिथि बानियाँले निर्वाचित जनप्रतिनिधिलाई जनताको मर्म भावनाअनुसार काम गर्न निर्देशन दिए । उनले सबैलाई समेट्न सके कांग्रेसको शिर उच्च हुने भन्दै कांग्रेस साँच्चै जनता प्रति इमान्दार छ भन्ने प्रत्याभूति गराउने अवसर पुन: आएको बताए । उनले पार्टी र परिवारको शिर उच्चो राख्ने गरी काम गर्न आग्रह गरे । नेता बानियाँले राजनीति जिविकाका लागि नभई सेवाका लागि हो भन्ने प्रमाणित गरेर देखाउन निर्देशन दिए । कार्यक्रममा बागमती प्रदेशका मन्त्री, राज्यमन्त्री, प्रदेशसभा सदस्यलगायतको उपस्थिति रहेको थियो ।

स्थानीय तह सदस्य निर्वाचन-२०७९ अन्तर्गत् वागमती प्रदेशमा कांग्रेसले प्रमुख, उपप्रमुख, अध्यक्ष र उपाध्यक्ष गरी कूल १०८ जना निर्वाचित भएका छन् । जसमा नगरपालिका प्रमुखमा २४, उपप्रमुखमा १९ गरी ४३ जना निर्वाचित भएका छन् भने गाउँपालिकाको अध्यक्षमा ३४ जना र उपाध्यक्षमा ३१ जना गरी जम्मा ६५ जम्मा जनप्रतिनिधि निर्वाचित भएका छन् ।

कार्यक्रममा ललितपुर महानगरपालिका नगर प्रमुख चिरिबाबु महर्जन, हेटौंडा उपमहानगरपालिकाका उपप्रमुख राजेश बानियाँ, निलकण्ठ नगरपालिका धादिङका नगरप्रमुख भिम ढुङ्गाना, दक्षिणकाली नगर पालिका काठमाडौंकी उपप्रमुख बसन्ति डंगोल तामाङ, कालिका गाउँपालिका रसुवाका अध्यक्ष हरिकृष्ण देवकोटा, हेलम्बु गाउँपालिका सिन्धुपाल्चोककी उपाध्यक्ष अम्सरा लामिछानेले शुभकामना मन्तव्य व्यक्त गरेका थिए ।

# बागमती प्रदेशका मुख्यमन्त्री पाण्डेको राजिनामा माग

साझाकुरा संवाददाता

हेटौंडा, ३१ जेठ/ नेकपा एमालेनिकट अखिल नेपाल किसान महासंघ बागमती प्रदेश कमिटीले बागमती प्रदेशका मुख्यमन्त्री राजेन्द्रप्रसाद पाण्डेको राजिनामा माग गरेको छ ।

महासंघले मंगलबार मुख्यमन्त्री कार्यालय अगाडि विरोध प्रर्दशन गर्दै मुख्यमन्त्री पाण्डेको राजिनामा माग गरेको हो । प्रदेश सरकारले किसानलाई समयमा मल उपलब्ध गराउन नसकेको भन्दै कमिटीले मुख्यमन्त्री पाण्डेले राजिनामा दिनुपर्ने बताएको छ । महासंघ बागमती प्रदेश कमिटी संयोजक सुरेन्द्र मोहन शर्माले किसानलाई मल आवश्यक पर्ने बेलामा मलको उपलब्ध नहुनु प्रदेश सरकारको कमजोरी रहेको बताए ।

धानबाली र मकैलाई यो समयमा मल चाहिने भए पनि प्रदेश सरकारले किसानलाई मल उपलब्ध गराउन नसकेको उनको आरोप थियो । उनले किसानलाई मल उपलब्ध गराउन नसक्ने मुख्यमन्त्रीले राजिनामा दिनुपर्ने बताए ।

बिरोध प्रर्दशनमा सहभागीहरुले 'किसानलाई तुरन्त मल उपलब्ध गर', 'किसानलाई मल उपलब्ध गराउन नसक्ने प्रदेश सरकार मुर्दावाद', 'मुख्यमन्त्री राजिनामा दे', 'किसान परिचय पत्र लागु गर', 'सबै किसान एक हौं' जस्ता नारा लगाएका थिए ।

सहभागीहरुले मुख्यमन्त्री कार्यालयको गेटमा धर्नासमेत दिएका थिए । महासंघले प्रदेश सरकारलाई मल उपलब्ध गराउन ध्यानाकर्षण पत्र पनि बुझाएको छ ।

# जसपाको विधान अधिवेशन स्थगित

काठमाडौं/ जनता समाजवादी पार्टी नेपालले असार १ र २ गते गर्ने भनिएको विधान अधिवेशन स्थगित गरेको छ । जसपाले पार्टीका नेता तथा कार्यकर्तालाई सर्कुलर नै पठाएको अधिवेशन स्थगित भएको जानकारी गराएको हो ।

स्थानीय तहको निर्वाचनको समीक्षा प्रतिवेदन केन्द्रमा आउन बाँकी नै रहेको र पार्टी सदस्यताको अभिलेख तयार नभएको भन्दै अर्को निर्णय नहुञ्जेलसम्मका लागि विधान अधिवेशन स्थगित गरिएको सर्कुलरमा उल्लेख छ । विधान अधिवेशनका लागि कार्यविधि बनाउन र प्रतिनिधि छनोट गर्न नसकिएकाले अध्यक्ष उपेन्द्र यादवको आदेशानुसार अधिवेशन स्थगित गरिएको बुझिएको छ ।

पार्टीमा देखिएको दुई अध्यक्षीय प्रणालीको विवादलाई समाधान गर्नका लागि विधान अधिवेशन बोलाइएको थियो । जसपाका संघीय परिषद् अध्यक्ष डा.बाबुराम भट्टराईले दुई अध्यक्ष रहनु पर्ने भन्दै आएका छन् भने एक जना मात्र अध्यक्ष मात्र रहनुपर्ने अध्यक्ष उपेन्द्र यादवको अडान छ । दुई जना अध्यक्षको प्रावधानलाई हटाउनका लागि विधान अधिवेशन गर्ने घोषणालाई स्थगित गरिएको छ । -साभार: रातोपाटी

# प्रदेश र स्थानीय सरकारले अधिकार प्राप्त गर्न सकेन: *मुख्यमन्त्री पाण्डे*

साझाकुरा संवाददाता



हेटौंडा, ३१ जेठ/ बागमती प्रदेशका मुख्यमन्त्री राजेन्द्र प्रसाद पाण्डेले प्रधानमन्त्रीकै कारण पछिल्लो ५ वर्ष प्रदेश सरकार र स्थानीय सरकारले अधिकार प्राप्त गर्न नसकेको टिप्पणी गरेका छन् ।

बागमती प्रदेशका स्थानीय तहमा निर्वाचित प्रमुख तथा उपप्रमुखका लागि आयोजित अभिमुखीकरणको समापन समारोहलाई सोमबार हेटौंडामा सम्बोधन गर्दै मुख्यमन्त्री पाण्डेले यस्तो बताएका हुन् । उनले संघीयता कार्यान्वयन गर्नकै लागि भने पनि संघीय मामिला मन्त्री र प्रधानमन्त्रीबीच मन्त्रिपरिषद् बैठकमै झगडा नै हुनुपर्ने टिप्पणी समेत गरे ।

पाण्डेले संघीय सरकारले प्रदेश र स्थानीय सरकारलाई अधिकार हस्तान्तरण नगरेका कारण संघीयताको मर्मअनुसार काम हुन नसकेको दावी गरे । स्थानीय तहमा निर्वाचित प्रमुख र उपप्रमुखलाई सरल व्यवहार प्रस्तुत गर्न, जनताको कुरा सुन्ने धैर्यता राख्न उनले आग्रह गरे । मुख्यमन्त्री पाण्डेले जनताकै मतबाट निर्वाचित भएर जनताका अगाडि अभद्र र म ठूलो हुँ भन्ने भाव नराख्न पनि सुझाव दिए । प्रधानमन्त्री र जनताको मत बराबरी भएकोले जनताको सेवाको स्तर बढाउन पनि पाण्डेले आग्रह गरे । मुख्यमन्त्री पाण्डेले अब पालिकाका उपाध्यक्षहरुका लागि न्यायिक समितिसम्बन्धी अभिमुखीकरण र वडा अध्यक्षहरुका लागि पनि अभिमुखीकरणको कार्यक्रम आयोजना गरिने बताए ।


हेटौंडा उपमहानगरपालिका
**नगर कार्यपालिकाको कार्यालय**
हेटौंडा, मकवानपुर
बागमती प्रदेश नेपाल

**नदीजन्य पदार्थ उत्खनन तथा संकलनमा रोक लगाएको सम्बन्धी सूचना**

हेटौंडा उपमहानगरपालिका नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधि, २०७७ बमोजिम हेटौंडा उपमहानगरपालिका क्षेत्र भित्रका विभिन्न खोला तथा खहरेहरुबाट मिति २०७९ साल असार १ गतेदेखि २०७९ साल भाद्र मसान्तसम्म तीन महिना नदी, खोला तथा खहरेहरुबाट नदीजन्य पदार्थहरु उत्खनन तथा संकलन गर्न निषेध गरेको हुँदा निषेधित क्षेत्र र अवधिमा नदी, खोला तथा खहरेहरुबाट नदीजन्य पदार्थहरु उत्खनन तथा संकलन नगर्नु हुन यो सूचना जारी गरिएको छ । निषेधित क्षेत्र र अवधिमा नदी, खोला तथा खहरेमा पसी नदीजन्य पदार्थ उत्खनन, संकलन तथा ढुवानी कार्यमा संलग्न सवारी साधनहरुलाई प्रचलित नियमानुसार कारवाही गरी नदीजन्य पदार्थ जफतसमेत गरिने व्यहोरा सम्बन्धित सबैमा जानकारी गराईन्छ ।

श्याम कुमार श्रेष्ठ
**शाखा प्रमुख**
राजश्व प्रशासन शाखा



**पार्टी गर्दै हुनुहुन्छ ?**

शुभ-विवाह, ब्रतबन्ध, हरेक प्रकारका पार्टी, सभा, सेमिनार तथा गोष्ठीका लागि हामीलाई सदैव सम्झनुहोस् ।

**जय गणेश पार्टी प्यालेस प्रा.लि.**
हेटौंडा उपमहानगरपालिका-५, अब्बलडाँडा
सानोपोखरा, मकवानपुर
९८५५०२७५१२ (अनिष वाग्ले)



**जैविक मलका फाइदाहरू**

रासायनिक मल तथा रासायनिक विषादीले बालीनालीको विकास केही हद्सम्म गरेको भएता पनि केही समयको लगातार प्रयोगपछि त्यसले माटोमा भएको प्रभावकारी जीवाणुहरुलाई प्रदुशित बनाई इन्जाईम प्रकृयालाई अबरुद्ध गरेको छ, जसको कारणले माटोमा भएका सबै प्रकारका प्रभावकारी जीवाणु व्याक्टेरियाको विनास भई माटो अम्लीय हुने, माटोमा पानी अड्ने क्षमतामा ह्रास आई चिस्यान कम हुने, बिरुवाको जरा माटोमा प्रभावकारी तरिकाले फैलन नपाउने, बिरुवाले आवश्यक खाद्यतत्व पूरा गर्न नसकी बिरुवा कमजोर हुने, बढ्दो जलवायु परिवर्तन र सो ले पारेको पर्यावरणीय असरमा कमी नआउने, वातावरण प्रदषित क्रम बढ्दो मात्रामा रहने, विभिन्न प्रकारका रोगहरु लाग्ने तथा किरा नियन्त्रणको लागि रासायनिक विषादि प्रयोग गर्दै जाँदा ती शत्रु जीवाणुहरुमा विष पचाउने क्षमतामा बृद्धि भई प्रत्येकपटक विषादिको मात्रा बढाउँदै लैजानुपर्ने अवस्था, जसको कारण आज मानिस प्रत्येक खाद्य सामग्री कृषि उपज विषादियुक्त खान बाध्य छ । फलस्वरुप मानवमा विभिन्न प्रकारका रोगहरुको महामारी फैलिएको छ ।

*त्यसैले जैविक मल नै प्रयोग गरौं ।*
*स्वस्थ कृषि उपज उत्पादनमा जोड दिऔं*

**सामुदायिक कृषि सहकारी संस्था लि.**
पाइने स्थान:
हेटौंडा-८, कमाने
९८५५०६९०८६ राजेन्द्र ढकाल



प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
**हेटौंडा अस्पताल**
बागमती प्रदेश, हेटौंडा

अस्पतालमा स्वास्थ्य सेवा महानुभावहरुलाई स्वागत छ

**हेटौंडा अस्पतालमा पाउने सेवा सुविधा**

**सेवाहरु**
हाडजोर्नी विषेशज्ञ सेवा
बालरोग सेवा
प्रसुति सेवा
दन्त सेवा
फिजिसियन सेवा
नाक, कान, घाँटी सेवा
शल्यक्रीया सेवा
मनोरोग सेवा
फिजियोथेरापी सेवा
न्यूरो सेवा
विशेष सेवा
ICU, HDU
Dialysis
General Lab (PCR Lab)
Endoscopy
USG
CT SCAN
NICU
ECG
ART सेवा
टिकट खुल्ने समय : बिहान ७ बजेदेखि ११ बजेसम्म
**विरामी पुर्जा काट्ने समय** : बिहान ७ बजेदेखि ११ बजेसम्म

Emergency काउन्टर २४ सै घण्टा
फार्मेसी सेवा २४ सै घण्टा
Emergency सेवा

**ओ.पि.डी खुल्ने समय**
बिहान १० बजेदेखि ३ बजेसम्म
बिहान १० बजेदेखि १ बजेसम्म
खाजा/खाना खाने समय १ बजेदेखि २ बजेसम्म

OT DAY (अप्रेसन हुने बार)
**हाडजोर्नी:**
आइतबार र बुधबार (OPD बन्द हुने छ।)
**शल्यक्रिया:**
सोमबार र विहिबार (OPD बन्द हुने छ।)
**प्रसुति:**
मंगलबार र शुक्रबार (OPD खुला हुने छ।)
**नाक, कान, घाँटी:**
आइतबार र बुधबार (OPD बन्द हुने छ।)

**Administrative Department**
खुल्ने समय आइतबार देखि विहीबार
विहान १० बजेदेखि ५ बजेसम्म
शुक्रबार विहान १० बजेदेखि ३ बजेसम्म

**हेटौंडा अस्पताल**
फोन नं. ००९७७-५७-५२३९७८, ५२०३०५
ईमेल : hospital.hetauda@gmail.com, info@hetaudahospital.gov.np,
वेवसाईट : https//:www.hetaudahospital.gov.np



**HETAUDA CITY HOSPITAL PVT.LTD.**
*Hetauda-1, Sub-metropolitan*
*Phone: 057-520315*

**VACANCY ANNOUNCEMENT**

Our Organization is seeking Applications from Qualified, Energetic and Experienced Candidates for the Following Designations.

| S.No. | Designation | No. | Salary (Rs) | Min. Qualifications |
|---|---|---|---|---|
| 1 | Staff Nurse | Few | 14000-18000 | PCL/NHPC registered |
| 2 | CMA/ANM | Few | Negotiable | TSLC |
| 3 | Receptionist | Few | Negotiable | +2 completed |

Experience, Performance, Dedication and Professionalism will be taken into consideration Interested individuals are to submit their update curriculum vitae with in 10 days of the first publication of this notice.





साझाकुरा राष्ट्रिय दैनिकका लागि **सबिन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना